# हाम्रो यशोधरा

## स्थानीय विषयको पाठ्यक्रम-२०८२ (कक्षा १–८ सम्म)




**यशोधरा गाउँपालिका**

कपिलवस्तु, लुम्बिनी प्रदेश

नेपाल

हाम्रो यशोधरा (आधारभूत तहको स्थानीय पाठ्यक्रम)

**प्रकाशक :** यशोधरा गाउँपालिका, कपिलवस्तु

**संस्करण :** पहिलो (२०८२)

**सर्वाधिकार :** यशोधरा गाउँपालिका




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016



# प्राक्कथन




विद्यार्थी स्थानीय परिवेश कै बारे मे भि जानकार भइल आवश्यक भइला से स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक अउर सांस्कृतिक स्रोतसाधन कै पहिचान कैइके वहकर महत्त्व कै बुझावे कै यशोधरा गाउँपालिका स्थानीय आवश्यकता कै विषयवस्तु कै समेट कै स्थानीय विषय कै पाठ्यक्रम **हम्मन कै यशोधरा** (कक्षा १–८, २०८१) लेखन कैइ कै प्रकाशन से गाउँपालिका क्षेत्र भितर कै सम्पूर्ण विद्यालय मै शैक्षिक सत्र २०८२ से लागु करे गइला से हम कै बहुत खुसी लागत है।

यशोधरा गाउँपालिका मै विभिन्न महत्त्वपूर्ण शैक्षिक, धार्मिक, सांस्कृतिक केन्द्र है, बहुजातीय, बहुभाषिक संस्कृति भइल, एइसन पहिचान कै औपचारिक विद्यालय शिक्षा मै समावेश कइल गइला से यी पाठ्यक्रम महत्त्वपूर्ण है। यह कै खातिर स्थानीय स्तर मै व्यक्ति, समुदाय अउर सरोकारवाला निकाय से समन्वय अउर सहकार्य कैइके स्थानीय सम्पदा कै महत्त्व कै शिक्षा कै मूलधार मै ल्यावे कै खातिर कइल गइल यी प्रयास उदाहरणीय है। यह पाठ्यक्रम से आधारभूत तह मै (कक्षा १–८) अध्ययनरत विद्यार्थीलगायत स्थानीय समुदाय कै समेत अप्पन प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक अउर भाषिक सम्पदा कै संरक्षण अउर सम्बर्धन करत भविष्य मै आसकेवाला प्रकोप अउर विपद् कै असर न्यूनीकरण करेकेसमेत अभिप्रेरित करी कहिके हम विश्वास राखित है। स्थानीय पेसा, प्रविधि अउर सम्पदा कै आवश्यकता अउर महत्त्व कै बुझकै यह पाठ्यक्रम कै लेखन अउर सम्पादन मै संयोजन करेवाला पालिका कै शिक्षा, युवा अउर खेलकुद शाखाप्रति धन्यवाद ज्ञापन करत है।

पाठ्यक्रम लेखन कै खातिर प्राविधिक सहकार्य करेवाला नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, तिलोत्तमा, रूपन्देही अउर विज्ञ समूह कै सदस्यलोग **डा. शालिकराम पौड्याल अउर डा. प्रेमप्रसाद तिवारी** जी कै विशेष धन्यवाद ज्ञापन करत है। पाठ्यक्रम निर्माण कै क्रम मै रचनात्मक अउर अमूल्य राय सुझाव प्रदान करेवाला विभिन्न विद्यालय कै प्रधानाध्यापकज्यू, अन्तरक्रिया कार्यक्रम मै सक्रिय सहभागी होवेवाला शिक्षक, अभिभावक, शिक्षाप्रेमी एवम् सम्पूर्ण सरोकारवालाप्रति धन्यवाद ज्ञापन करत है। ऐसे ही उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा कै प्रमुख, लेखा शाखा प्रमुख, प्राविधिक सहायक, वडाध्यक्ष एवम् कार्यपालिका कै सदस्य, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावलोग कै आअप्पन क्षेत्र से देहल सहयोगप्रति आभार प्रकट करत है। यह पाठ्यक्रम निर्माण कै सुरुवाती चरण से अन्त्य तक सहभागी होइ कै सुझाव देवेवाले विषयविज्ञप्रति भि कृतज्ञता ज्ञापन करत है।

अन्त्य मै पाठ्यक्रम कै प्रभावकारी कार्यान्वयन कइकै वह क्रम मै मिलल कमी कमजोरी बताइ कै निरन्तर परिमार्जन अउर सुधार कै खातिर पृष्ठपोषण प्रदान कइदेवे कै सम्बन्धित सब सरोकारवाला मै गाउँपालिका हार्दिक अनुरोध करत है।

शिवदयाल तिवारी
अध्यक्ष
यशोधरा गाउँपालिका, कपिलवस्तु

# हाम्रो यशोधराप्रति शुभेच्छा




राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तहसम्मको पाठ्यक्रममा एक विषयको रूपमा स्थानीय विषयलाई समावेश गर्ने कानुनी व्यवस्था गरेको हो। यशोधरा गाउँपालिकामा हाल स्थानीय पाठ्यक्रममा निर्माण भइनसकेकाले विद्यालयले विभिन्न विषयहरूलाई अध्यापन गराउँदै आएको अवस्था छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तहमा स्थानीय विषयको अङ्कभार निर्धारण गरेको व्यवस्थालाई दृष्टिगत गर्दै त्यसको कार्यान्वयन र बालबालिकाको अध्ययन गर्न पाउने अधिकारलाई शैक्षिक सत्र २०८२ बाट सुनिश्चितता प्रदान गर्न यशोधरा गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरेको छ।

स्थानीय विषयवस्तु र स्थानीय सम्भावनासँग विद्यालय तहबाटै बालबालिका जति साक्षात् हुँदै जान्छन् स्थानीय तहमा सम्बन्धित पक्षको विकास तीव्ररूपमा हुन सक्दछ। स्थानीय तहले शिक्षासँग सम्बन्धित नीति, योजना तर्जुमा गर्दा बालबालिकालाई भविष्यमा गएर स्थानीय आवश्यकता र सम्भावनाअनुरूपका कार्य गर्न सक्ने गरी सक्षम बनाउन स्थानीय ज्ञान, सिप र प्रविधिमा जोड दिन, स्थानीय मूल्यमान्यता, रीतिरिवाज, परम्परा, संस्कृति, संस्कार, पेसाव्यवसाय आदिको संरक्षणमा जोड दिन स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्न जाँदै छ। स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश, आवश्यकता, परम्परा, व्यवसाय, भूगोल, संस्कार, इतिहास, प्रविधि आदिको विकास र संरक्षण कार्यमा मद्दत पुऱ्याउने छ।

प्रस्तुत हाम्रो यशोधरा स्थानीय पाठ्यक्रम निर्माण तथा लेखन गर्नुहुने डा. शालिकराम पौड्याल र डा. प्रेमप्रसाद तिवारीलाई विशेष आभार प्रकट गर्दछु। पाठ्यक्रम निर्माणका क्रममा भएका गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रममा अमूल्य सल्लाह सुझावहरू प्रदान गर्नुहुने सामुदायिक, धार्मिक र संस्थागत विद्यालयका प्रधानाध्यापक, विषयशिक्षक, शिक्षा समिति, स्थानीय विज्ञलगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। त्यस्तै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरू, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख तथा प्राविधिक सहायक सबै प्रति धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत पाठ्यक्रम शैक्षिक सत्र २०८२ बाट यशोधरा गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूमा कार्यान्वयन गरिने छ। अन्त्यमा आगामी दिनमा यस पाठ्यपक्रमलाई अद्यावधिक र परिमार्जन गर्न सबै सरोकारवालाहरूबाट अमूल्य तथा रचनात्मक सुझावहरू प्राप्त हुने अपेक्षा समेत गर्दछु।

ऋषभदेव खनाल

प्रमुख प्रशासकीय अधिकृत

यशोधरा गाउँपालिका

# हाम्रो गौरव यशोधरा



कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकाको आफ्नो छुट्टै पहिचान छ । विगतदेखि वर्तमानसम्म यस गाउँपालिकाले सबै क्षेत्रमा आफ्नो भूमिका देखाउँदै आएको छ । विकासका विविध पूर्वाधारले पूर्ण रूप पाउनका लागि शिक्षाको विकास अनिवार्य छ। शिक्षाको विकास नभएसम्म हामी कुनै क्षेत्रमा पनि बलिया बन्न सक्दैनौँ । हामीलाई ज्ञानको शक्तिले जति बलियो बनाउँछ, त्यति बलियो बनाउने कुनै अर्को शक्ति छैन । यशोधरा गाउँपालिकाका विविध गतिविधि समेटेर निर्माण गरिएको हाम्रो यशोधरा पाठ्यक्रम यशोधरा गाउँपालिकाको प्रतिरूप बनेर उभिएको छ भन्ने मेरो बुझाइ रहेको छ।

गाउँपालिकाका विभिन्न विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई लक्षित गरी निर्माण गरिएको हाम्रो यशोधरा पाठ्यक्रम यशोधरा गाउँपालिकाको प्रतिबिम्ब हो । यशोधरा गाउँपालिकामा रहेका स्थानीय पहिचानलाई चिनाउने लक्ष्यका साथ निर्माण गरिएको हो। हाम्रो यशोधरा गाउँपालिकामा रहेका स्थानीय विशेषतालाई अगाडि नल्याएसम्म यसका विषयमा बोल्ने र जान्ने जनशक्ति उत्पादन हुन सक्दैनन् । आफ्नो पृष्ठभूमि नचिनेसम्म कुनै पनि व्यक्ति अगाडि बढ्न सक्दैन। हाम्रा जनशक्तिले स्थानीयताका विषयमा जति धेरै बुझ्न सक्छन्, त्यति नै यहाँका विशेषतालाई अगाडि बढाउन सक्छन् । त्यसैले हाम्रो यशोधरा पाठ्यक्रम हामी सबै यशोधरावासीको गौरव हो, यो हाम्रो पहिचान हो र यो यशोधराको आधिकारिक दस्तावेज हो। यहाँ आएका विषय कुनै न कुनै किसिमबाट हाम्रा पहिचानसँग जोडिएका छन्। यहाँ आएका विषय नै हाम्रा धर्म, संस्कृति, प्रकृति, इतिहास, भाषा, धर्म, संस्कृति, ज्ञान तथा प्रविधि हुन् । यी हाम्रा ज्ञानका स्रोत मात्र होइनन्, हाम्रो जीवनका आधार पनि हुन्। यी सबै पक्षलाई सम्बोधन गर्ने हाम्रो यशोधरा पाठ्यक्रम लेखन तथा सम्पादनको अभिभारा लिनुहुने नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रका लेखक डा. शालिकराम पौड्याल र डा. प्रेमप्रसाद तिवारीलाई हार्दिक आभार प्रकट गर्दछु । साथै पुस्तकलाई यसस्वरूपमा ल्याउनका लागि विभिन्न तहबाट भूमिका खेल्नुहुने यशोधरा गाउँपालिकाका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक तथा अन्य सबै सहयोगीलाई हार्दिक आभार प्रकट गर्दछु।

दृगनारायण मिश्र

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

# हाम्रो यशोधरा

## स्थानीय विषयको पाठ्यक्रम

## स्थानीय विषयको पाठ्यक्रम निर्माण सहयोग समिति

### संरक्षक

शिवदयाल तिवारी (गाउँपालिका अध्यक्ष)

### संयोजक

दृग नारायण मिश्र (शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)

### सदस्यहरू

अब्दुल कयुम खान

मनोजकुमार चौबे

सरिता त्रिपाठी

अहमद अली खान

जुबेर अहमद मुसलमान

राजकुमार जैसवाल

चन्द्रप्रकाश दुबे

सहाबुद्दिन मुसलमान

### सल्लाहकार

गुञ्जादेवी मौर्या. (गाउँपालिका उपाध्यक्ष)

ऋषभदेव खनाल (प्रमुख प्रशासकीय अधिकृत)

### विशेष सहयोग

राजु सेजवाल (प्रा.स.शिक्षा, युवा तथा खेलकुद शाखा)

### विज्ञ समूह सदस्य

डा. शालिकराम पौड्याल

डा. प्रेमप्रसाद तिवारी

### अनुवादक

बलवन्त कुर्मी

# विषयसूची

## पहिलो परिच्छेद

## परिचय

१.१ यशोधरा गाउँपालिकाको परिचय
१.२ पाठ्यक्रमको परिचय
१.३ स्थानीय पाठ्यक्रमको अवधारणा
१.४ स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता
१.५ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया
१.६ समय निर्धारण
१.७ पाठ्यक्रम परिमार्जन

## परिच्छेद दुई

## विषयक्षेत्र र विषयवस्तुको विस्तृतीकरण

२.१ स्थानीय पाठ्यक्रमको ढाँचा र विषयक्षेत्र
२.२ तहगत सक्षमता
२.३ कक्षा १ देखि ५ सम्मको विषयवस्तु
२.४ विषयवस्तुको विस्तृतीकरण कक्षा १ देखि ५
२.५ कक्षा ६ देखि ८ सम्मको विषयवस्तु
२.६ विषयवस्तुको विस्तृतीकरण कक्षा ६ देखि ८

## तेस्रो परिच्छेद
## प्रक्रिया, विधि र मूल्याङ्कन

३.१ स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा विभिन्न निकायको भूमिका
३.२ सिकाइ सहजीकरण क्रियाकलाप
३.३ कक्षा १ देखि ३ सम्मका लागि सिकाइ सहजीकरण विधि र प्रक्रिया
३.४ कक्षा ४–८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया
३.५ मूल्याङ्कन प्रक्रिया
**परिशिष्ट**

# पहिलो परिच्छेद

# परिचय

## १.१ यशोधरा गाउँपालिकाको परिचय

यशोधरा गाउँपालिका लुम्बिनी प्रदेशअन्तर्गतको कपिलवस्तु जिल्लामा पर्दछ। यो गाउँपालिका कपिलवस्तुको जिल्लाको मध्य दक्षिणमा अवस्थित छ। यस गाउँपालिकाको पूर्वमा मायादेवी गाउँपालिका, पश्चिममा महाराजगन्ज नगरपालिका रहेको छ भने उत्तरमा कपिलवस्तु नगरपालिका छ र दक्षिणमा छिमेकी राष्ट्र भारत रहेको छ। यो गाउँपालिकामा मधेशी जातिको बाहुल्य रहेको छ। यहाँ ब्राहमण, मुस्लिम, कुर्मी यादव, पासी, कलवार, चमार, मल्लाह, धोबी, गुप्त लगायतका जातजातिहरुको बसोवास रहेको छ। यो कपिलवस्तु जिल्लाको साविक गा.वि.स. तितिर्खी, गौरी, बसंन्तपुर, परसोहिया, बैदौली, रंगपुर, सोमडिह र सिहोखोर संमायोजन भई बनेको गाउँपालिका हो। यसको कुल क्षेत्रफल ६७.७५ वर्ग किमी रहेको छ। यसको केन्द्र बैदौली हो। यो गाउँपालिकाको उत्तरमा गौतम बुद्धको पवित्र स्थल कुदान (लोरिक कुदान) अवस्थित छ। यो बौद्धधर्मालम्बीहरुको महत्त्वपूर्ण स्थल हो। यसको पूर्वमा ऐतिहासिक स्थल सिसहनीयाकोट रहेको छ।

## १.२ पाठ्यक्रमको परिचय

पाठ्यक्रम सिकाइको मार्गदर्शन हो। नेपालमा औपचारिक शिक्षाको मेरूदण्डका रूपमा रहेको विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम पाठ्यक्रम विकास केन्द्रले अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरको परिवेश, राष्ट्रिय विषयवस्तु र आवश्यकता तथा स्थानीय विषयवस्तु समावेश गरी तयार गर्छ। नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, भाषिक, सांस्कृतिक र धार्मिकरूपले विविधतायुक्त देश हो। हरेक परिवेशको आवश्यकता र विषयवस्तुलाई राष्ट्रिय पाठ्यक्रमले समेट्न नसक्ने र हरेक स्थानीय तहका आआफ्नै विशिष्ट पहिचान एवम् रहेका हुन्छन्। तिनै विविधतालाई दृष्टिगत गर्दै स्थानीय पाठ्यक्रम निर्माणको अवधारणा अगि सारिएको छ। नेपालमा औपचारिकरूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेको थियो। पछि प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम २०६९ हुँदै हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत पाठ्यक्रम, २०७६ ले आधारभूत तह (कक्षा १–८) सम्म स्थानीय विषय पठनपाठन गर्नुपर्ने व्यवस्था गरेको छ।

पाठ्यक्रम शिक्षाको लक्ष्य प्राप्तिका लागि तयार पारिएको योजना हो। सिकारुका रुचि, आवश्यकता एवम् अपेक्षालाई सम्बोधन गर्ने मुख्य सामग्री पाठ्यक्रम हो। पाठ्यक्रम विकास गर्ने जिम्मेवारी पाएको पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएको केन्द्रमुखी पाठ्यक्रमले मात्र स्थानीय आवश्यकता र परिवेशलाई सम्बोधन गर्न सक्दैन। त्यसैले स्थानीय आवश्यकता र मागलाई पूरा गर्न कुनै एक विषयको पाठ्यक्रम स्थानीय तहमा तयार गरी कार्यान्वयन गर्न सकिने प्रावधान वर्तमान विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा राखिएको छ। नेपाल भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय र भाषिकरूपमा विविधता भएको देश हो। यी विविधतालाई सम्बोधन गर्न केन्द्रीय पाठ्यक्रमबाट सम्भव हुँदैन। स्थानीय ज्ञान, सिप र प्रविधिमा सक्षमताहरू प्रदान गर्ने मुख्य अभिप्रायका साथ स्थानीय पाठ्यक्रमको अवधारणा ल्याइएको हो। स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको पाठ्यसामग्री नै स्थानीय पाठ्यक्रम हो। यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ। यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषय समावेश गर्न सकिन्छ। यसलाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले दिशानिर्देश गरेको छ। नेपालको हालको संविधानले पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाइमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो। त्यसैगरी स्थानीय पाठ्यक्रमलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, स्थानीय पाठ्यक्रम प्रारूप २०७१ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले समेत आधार र मार्गदर्शन प्रदान गरेको छ।

स्थानीय स्तरका विषयवस्तु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक ढाँचा नै स्थानीय पाठ्यक्रम हो। यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ। यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक

एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषय समावेश गर्न सकिन्छ। यसलाई स्थानीय पाठ्यक्रम मार्गदर्शन, २०७६ ले निर्दिष्ट गरेको छ।

## १.३ स्थानीय पाठ्यक्रमको अवधारणा

स्थानीय पाठ्यक्रमका सम्बन्धमा प्राथमिक शिक्षा पाठ्यक्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो। **स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञता** यस पाठ्यक्रमका मुख्य तत्त्वहरू हुन । स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथासक्य कम लागतमा स्थानीयस्तरमै तयार गरिने पाठ्यक्रम नै स्थनीय पाठ्यक्रम हो । पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर चलिरहने प्रक्रिया हो । समाजको माग र सिकारुको आवश्यकताका आधारमा पाठ्यक्रममा समसामयिक, विश्वव्यापी र स्थानीय विषयवस्तुलाई समावेश गरिन्छ । स्थानीय तहमा अध्ययन गर्ने विद्यार्थीमा व्यवहारकुशल तथा जीवनोपयोगी सिप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सिकारुमैत्री बनाउने प्रयास गरिन्छ।

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुलाई समेटेर स्थानीय स्तरमा तयार पारी सिकाइ सहजीकरण गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। स्थानीय पाठ्यक्रममा **स्थानीय सभ्यता, सस्कृति, सम्पदा, व्यवसाय, भाषा, परम्परागत सिप र प्रविधि** आदिलाई समेटिएको हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार “स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो।” त्यसैगरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाअनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था र सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाका रूपमा स्विकारिएको छ। स्थानीय पाठ्यक्रम प्रारूप २०७५ अनुसार “स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, यसले स्थानीयतालाई जोड दिन्छ ।” उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा तयार गरिएको पाठ्यक्रम हो। यसले त्यस समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ। शिक्षक र विद्यार्थीबिच सामीप्य सम्बन्ध बढाउँछ। समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ। परम्परा, मल्य र मान्यतालाई जगेर्ना गर्छ। नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ। समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ।

## १.४ स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता

प्रस्तुत पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख गरिएको सैद्धान्तिक अवधारणामा विकास गरिएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा १–८ को सक्षमता पहिचान गरिएको छ। पाठ्यक्रमलाई बालकेन्द्रित बनाउँदै गर्दै सिक्ने परियोजना, खोजविधि र आविष्कार केन्द्रित गर्ने गरी मनोवैज्ञानिक सिद्वान्तलाई आधार बनाइएको छ। यस पाठ्यक्रममा व्यावहारिक विकासको पक्ष, दैनिक जीवनको अभिन्न अङ्ग र यशोधरा गाउँपालिकाको विकासको दीर्घकालीन रणनीतिक दृष्टिकोणलाई समेत आधार बनाइएको छ। साथै राष्ट्रिय पाठ्यक्रमसँगको परिपूरकको सम्बन्ध स्थापित गराइएको छ । बालबालिकाको मानसिक विकासका चरण र क्षमतालाई मुख्य आधार बनाउँदै पाठ्यक्रमलाई सान्दर्भिक बनाइएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ। उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ।
(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ।
(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ।
(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ।

स्थानीय पाठ्यक्रम प्रारूपले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्त्वलाई निम्नलिखित बुँदामा समेटेको छ :

- स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ।
- यो स्थानीय मागमा आधारित हुन्छ।
- यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ।
- यसले स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ।
- अपनत्वको भावनाको विकास गराउँछ।
- यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ।
- रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ।
- यसले सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ।
- विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिन्छ।

## १.५ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यशोधरा गाउँपालिकाअन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि गाउँपालिकाका अध्यक्षसहित गाउँकार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख, प्राविधिक सहायक, गाउँ शिक्षा समितिका सदस्यहरू, विद्यालयका प्रधाानाध्यापक, शिक्षक, स्थानीय शिक्षाप्रेमी, बुद्धिजीवी तथा सङ्घसंस्थाहरूको उपस्थितिमा भएको छलफलले स्थानीय पाठ्यक्रम विकासको आधार तयार पारेको थियो । यो स्थानीय पाठ्यक्रम गाउँकार्यपालिकाको बैठकको निर्णयअनुसार स्वीकृत भई शैक्षिक सत्र २०८२ बाट कार्यान्वयनमा आउने छ।

**हाम्रो यशोधरा** पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ। विद्यार्थीलाई स्थानीय वातावरणको अवलोकन गराइने छ। परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ। समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा स्थानीय भाषा र नेपाली भाषा अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ। विद्यार्थीको समूहकार्य, अन्तरक्रियालाई जोड दिइने छ। पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ।

प्रस्तुत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन कार्य गरिने छ। यो पाठ्यक्रमअनुसार शैक्षिक सत्र २०८१ बाट पठनपाठन हुने छ। पाठ्यक्रमअनुरूपको पाठ्यपुस्तकको निर्माणका लागि स्थानीय विज्ञको प्रयोग गरी उच्च तहका पाठ्यपुस्तक, राष्ट्रिय पाठ्यक्रमअनुरूपका विद्यालय तहका पाठ्यपुस्तक र स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेखन कार्य गरेका अनुभवी विशेषज्ञबाट परामर्श सेवा लिई पूरा गरिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थानीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकाले शिक्षक, अभिभावक र विद्यार्थीमार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ।

## १.६ समय निर्धारण

औपचारिक शिक्षाका पाठ्यक्रम तयार गर्दा समयको पनि ख्याल गरिनुपर्दछ । स्थानीय विषयलाई छुट्याइएको समय अवधिभित्र रहेर विषयवस्तुको चयन गर्नुपर्दछ । उक्त विषयलाई साप्ताहिकरूपमा कति समय छुट्याइएको छ, सोका आधारमा एक शैक्षिक सत्रलाई कति घण्टा हुन्छ र सो समयावधिभित्र कति विषयवस्तु पठनपाठन गर्न सकिन्छ, त्यति नै विषयवस्तु छनोट गर्नुपर्छ। समग्रमा विषयवस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्र पनि कुनै एकाइ वा पाठलाई अनुमानित कति समय चाहिन्छ, छुट्याउनु राम्रो हुन्छ। वर्षभरिमा विद्यालय खुल्ने दिन कति हो, खुलेका दिनमध्ये कति दिन पठनपाठन गर्ने, परीक्षा सञ्चालनका लागि कति समय आवश्यक पर्छ, यी सबै कुरालाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै कममा शिक्षण सिकाइ, क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्यभार) विभाजन गर्न जरुरी हुन्छ। यसरी पाठ्यक्रम तयारीकै क्रममा समय विभाजन गर्न सकियो भने शिक्षकले वार्षिक, मासिक योजना बनाउन र विषयवस्तुको आधारमा एकाइ तथा पाठयोजना बनाउन सजिलो हुन्छ। वि.सं. २०८१ देखि कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा साप्ताहिक पाँच पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने ४–८ कक्षामा साप्ताहिक ४, पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ। पाठ्यांशअनुसार विद्यार्थीलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ।

## १.७ पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायका इच्छा, आकाङ्क्षा र आवश्यकता पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकता पाठ्यांशमा समावेश हुनुपर्छ, जसले विद्यार्थीको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसैअनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ।

# परिच्छेद : दुई

# विषयक्षेत्र र विषयवस्तुको विस्तृतीकरण

## २.१ स्थानीय पाठ्यक्रमको ढाँचा र विषयक्षेत्र

पाठ्यक्रमको ढाँचामा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया, विषयवस्तुको विस्तृतीकरण रहेका छन्। स्थानीय पाठ्यक्रम सामुदायिक र संस्थागत दुवै विद्यालयमा लागु हुने छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले स्थानीय पाठ्यक्रमका लागि सम्भाव्य विषय क्षेत्र छनोटको आधारलाई निम्नानुसार देखाउन सकिन्छ :

१. मातृभाषा : स्थानीय सरकारहरूले मातृभाषामा आफ्नै पाठ्यक्रमको विकास गर्न गर्न सक्छन् तर स्थानीय तहबाट स्वीकृत हुनुपर्छ । जहाँ मातृभाषामा आधारित बहुभाषी शिक्षाको अनुसरण गरिएको छैन, त्यहाँ मातृभाषालाई विषयका रूपमा रूपमा लिन प्रोत्साहित गरिन्छ तर यसका लागि व्यापक सहमतिको आवश्यकता पर्छ। स्थानीय पाठ्यक्रमको कुनै पनि अंशलाई अङ्ग्रेजी माध्यमबाट पढाउन वा स्थानीय पाठ्यक्रमका लागि छुट्याइएका समयमा अन्य विषयलाई सिकाउन अनुमति छैन।

२. सांस्कृतिक, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा आदि ऐतिहासिक स्थान, स्थानीय समुदायको इतिहास र संस्कृति, धार्मिक क्रियाकलापहरू, समुदायमा बस्ने विभिन्न विभिन्न मानिसहरूका जीवनशैली, स्थानीय नायक/व्यक्तित्वहरू, स्थानीय तहका क्लब/समाजहरू आदि । संस्कृतिका कुन कुन पक्ष समावेश गर्ने भनी पहिचान गर्न पूर्ण र सहभागिता महत्त्वपूर्ण हुन्छ।

३. भौगोलिक तथा प्राकृतिक स्रोत र दिगो प्रयोग : जस्तैः (भौगोलिक परिदृश्य, हावापानी, मौसम, कृषि तथा बालीनाली, वन, नदी, ताल, पोखरी, जनावर, जडीबुटी, राष्ट्रिय निकुञ्ज आदि)

४. स्थानीय कलाहरू : स्थानीय कलाहरू, जस्तैः (नाच, गीत, परिकार, डोकाडाला, कपडा, सङ्गीत तथा वाद्ययन्त्रहरू गीत तथा वाद्ययन्त्रहरू आदि)

५. स्वास्थ्य तथा सरसफाइ : स्वास्थ्य तथा सरसफाइ (फोहोर व्यवस्थापन, शौचालय, ढल, अस्पताल, स्वास्थ्य केन्द्र, प्राथमिक उपचार, आयुर्वेद, योग, परम्परागत औषधी, जडीबुटी उत्पादन तथा प्रयोग, पोषण)

६. जीविकोपार्जनसँग सम्बन्धित अभ्यासहरू : (स्थानीय तहको कृषिको परिचय, पशुपालन, तरकारी खेती, करेसाबारी, स्थानीय सरकारको संरचना तथा कार्य, उपभोक्ता सचेतना, स्थानीय पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, स्थानीय उद्योगहरू, स्थानीय बजार, पर्यटन)

७. स्थानीय प्रकोप तथा प्राकृतिक विपत् जोखिम र तिनको व्यवस्थापन : (नेपालमा विभिन्न किसिममा प्राकृतिक विपत्प्रतिको उच्च सङ्कटासन्नता विद्यमान भएका कारणले गर्दा समुदायका यस्ता विशेष जोखिम तथा मुद्दाहरू बोध गर्न र यिनलाई कसरी न्यूनीकरण गर्ने अनि प्रतिकार्य गर्ने भन्नेबारेमा स्थानीय पाठ्यक्रममा यी विषयलाई एकीकृत गर्नु उपयुक्त हुन्छ। )

विषयक्षेत्र : १ : हाम्रो यशोधरा
विषयक्षेत्र : २ : जीवनोपयोगी सिप तथा जीवनशैली
विषयक्षेत्र : ३ : स्वास्थ्य, सरसफाइ र वातावरण
विषयक्षेत्र : ४ : स्थानीय जाति, भाषा, धर्म, संस्कृति र संस्कार
विषयक्षेत्र : ५ : हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थल
विषयक्षेत्र : ६ : स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि
विषयक्षेत्र : ७ : प्रकोप र विपत् व्यवस्थापन
विषयक्षेत्र : ८ : कृषि तथा स्थानीय उत्पादन
विषयक्षेत्र : ९ : हाम्रा सेवाप्रदायक स्थानीय सङ्घसंस्था र व्यक्ति
विषयक्षेत्र : १० : योग, ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा

## २.२ तहगत सक्षमता

### कक्षा १ –३ का सक्षमताहरू

(क) गाउँ, टोल, पालिका र यशोधरा गाउँपालिकाको सामान्य परिचय
(ख) जातजाति, भाषा, धर्म र संस्कृति तथा स्थानीयताको आधारभूत ज्ञान र बोध
(ग) मेलमिलाप, सहयोग, असल आचरण, सञ्चार, सम्मान जस्ता जीवनोपयोगी सिपहरू अवलम्बन
(घ) खेतीबाली र बिक्री तथा हस्तकलाका सामग्रीको परिचयका साथै मुख्य पेसाहरूको जानकारी
(ङ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरूको पहिचान, महत्त्वबोध तथा बालबगैँचा निर्माण र वातावरणको सरसफाइमा सहयोग
(च प्रकोप र विपद्को पहिचान, घर, विद्यालय तथा सडक दुर्घटना र यसबाट बच्ने उपाय अवलम्बन
(छ) स्थानीय सङ्घसंस्थाको परिचय र काम।
(ज) योग व्यायाम र यसको महत्त्व

### कक्षा ४–५ का सक्षमताहरू

(क) यशोधरा गाउँपालिकाको भौगोलिक, प्राकृतिक अवस्था र अवस्थितिको नक्साङ्कन
(ख) चाडपर्व, धर्म, संस्कृति र पर्यटनसम्बन्धी जानकारी, सहभागी र सम्मान भावको विकास
(ग) घर, विद्यालय र समाजमा स्थापित असल मूल्य मान्यता, नियम, आचरणको पहिचान र अवलम्बन
(घ) हस्तकलाका सामग्री, तरकारी खेती, फलफूल खेती, नगदे बाली, बेमौसमी तरकारी, रैथाने बालीको परिचय, महत्त्व बोध र खेती कार्यमा सहयोग
(ङ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुको महत्त्वबोध र उपयोग तथा वातावरण संरक्षण, र सरसफाइमा सहयोग
(च) प्राकृतिक र मानव सृजित विपद् तथा दुर्घटनाबाट बच्ने उपायहरू पहिचान र अवलम्बन
(छ) गाउँपालिकाको विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका सामाजिक संस्थाको परिचय र योगदानको सम्मान
(ज) योग व्यायाम र यसको महत्त्व

### कक्षा ६–८ का सक्षमताहरू र विषयवस्तुको क्षेत्र

(क) गाउँपालिका, जिल्ला र प्रदेशको नक्साङ्कन सिप विकास, गाउँपालिकाबाट प्रवाह हुने सेवाको पहिचान र तिनको प्रभावकारिताका उपायहरूको खोजी
(ख) स्थानीय सरकारको परिचय, गठन तथा काम, कर्तव्य र अधिकारको जानकारी
(ग) यशोधरा गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय अवस्थाको विश्लेषण र महत्त्वबोध
(घ) समावेशी व्यवहार, धर्म, संस्कृतिको पहिचान र विश्लेषण, प्रभावकारी सञ्चार सिप, सकारात्मक सोच जस्ता जीवनोपयोगी सिपहरूको अवधारणा बोध र प्रदर्शन
(ङ) स्थानीय स्तरका पेसा, व्यवसाय र प्रविधिहरूको पहिचान र महत्त्वबोध, सहभागी र प्रवर्धनका उपायहरूको खोजी
(च) आफ्नो वरपरको वातावरण, सरसफाइ र हरित विद्यालयको अवधारणा बोध, प्रयोग, संरक्षण र प्रवर्धन
(छ) स्थानीय स्तरमा हुन सक्ने विपद्हरूको पहिचान, विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थापनका प्रयासहरू, प्रकोप तथा विपद् व्यवस्थापनमा विभिन्न निकायको भूमिका पहिचान र अवलम्बन
(ज) गाउँपालिकाको कृषि तथा स्थानीय उत्पादनका बारेमा जानकारी लिई कृषिको व्यावसायीकरण गर्ने सिप हासिल
(झ) व्यवसाय र वृत्तिविकासको परिचय, क्षेत्र निर्धारण र छनोटको सिप हासिल
(ञ) स्थानीय सेवाप्रदायक सङ्घसंस्थाको चिनारी र तिनले दिने सेवासुविधाको जानकारी

## २.३ कक्षा १ देखि ५ सम्मको विषयवस्तु

### विषयक्षेत्र : १ : हाम्रो यशोधरा

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| **विषयवस्तु** | ● परिवार तथा समुदायको परिचय | ● टोल र जातजाति | ● वडाको परिचय<br>● हाम्रा प्राकृतिक सम्पदा | ● गाउँपालिकाको परिचय<br>● हाम्रा प्राकृतिक सम्पदा | ● वडा र वडाबाट दिइने सेवा हाम्रा प्राकृतिक सम्पदा |

### विषयक्षेत्र : २ : जीवनोपयोगी सिप तथा जीवनशैली

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| **विषयवस्तु** | ● असल बानी<br>● आदर र सत्कार | ● असल संस्कार<br>● सहयोग र मेलमिलाप | ● सभ्य परिवार र आत्म अनुशासन<br>● असल बानी र अनुशासन | ● असल परिवारमा अभिभावकको भूमिका<br>● असल र खराब आचरण | ● नैतिक आचरण र सकारात्मक सोच<br>● सञ्चार सिप |

### विषयक्षेत्र : ३ : स्वास्थ्य, सरसफाइ र वातावरण

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| **विषयवस्तु** | ● शरीरको सरसफाइ<br>● फोहोर | ● कक्षाकोठा र घरको सरसफाइ<br>● डस्टबिनको प्रयोग | ● घरको खाना<br>● फोहोरको वर्गीकरण<br>● स्थानीय जडीबुटी | ● दिवा खाजा<br>● भान्साबाट निस्कने फोहोर<br>● फूलबारी र बगैंचा | ● सन्तुलित खाना र स्वास्थ्य<br>● फोहोरको असर<br>● गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तु |

### विषयक्षेत्र : ४ : स्थानीय जाति, भाषा, धर्म, संस्कृति र संस्कार

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| **विषयवस्तु** | ● स्थानीय भाषा<br>● स्थानीय चाडपर्व | ● स्थानीय धर्म<br>● स्थानीय पहिरन | ● स्थानीय सांस्कृतिक गीत र नाच<br>● स्थानीय चाडपर्व | ● स्थानीय संस्कार र संस्कृति<br>● सांस्कृतिक गीत र नृत्य | ● स्थानीय परम्परित संस्कार<br>● स्थानीय चाडपर्व |

## विषयक्षेत्र : ५ : हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थल

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| विषयवस्तु | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल |

## विषयक्षेत्र : ६ : स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| विषयवस्तु | • स्थानीय पेसा र व्यवसाय | • स्थानीय पेसा र व्यवसाय | • स्थानीय उद्यम<br>• स्थानीय प्रविधि | • स्थानीय उद्योग<br>• हाम्रा व्यवसाय<br>• स्थानीय बजार | • हाम्रा परम्परित प्रविधि<br>• हाम्रा उद्यम<br>• कृषि व्यवसाय |

## विषयक्षेत्र ७ : प्रकोप र विपत् व्यवस्थापन

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| विषयवस्तु | • चोटपटक | • विद्युत् दुर्घटना र बच्ने उपाय | • दुर्घटना (सडक, रुखबाट लड्ने) | • आगलागी, भूकम्प र सर्पदंश | • प्राकृतिक प्रकोप ( चट्याङ, असिना, हावाहुरी, शीतलहर) |

## विषयक्षेत्र ८ : कृषि तथा स्थानीय उत्पादन

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| विषयवस्तु | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान | • फलफूल खेती<br>• कृषिजन्य उत्पादन | • तरकारी खेती<br>• नगदेबाली र फलफूल | • कोसेबाली, लहरेबाली र तेलहन बाली<br>• आलु खेती | • तरकारी खेती<br>• पशुपालन |

## विषयक्षेत्र : ९ : हाम्रा सेवाप्रदायक स्थानीय सङ्घसंस्था र व्यक्ति

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| विषयवस्तु | • पाटीपौवा र चौपारी | • बालक्लब | • धार्मिक संस्था र आमा समूह | • प्रहरी चौकी र सेवा | • हाम्रा स्वास्थ्य संस्था र एकाइ |

## विषयक्षेत्र : १० : योग, ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| विषयवस्तु | • योग ध्यान<br>• स्थानीय खेल | • योग ध्यान<br>• स्थानीय खेल | • योग ध्यान<br>• स्थानीय खेल | • योग ध्यान<br>• स्थानीय खेल | • व्यायाम<br>• स्थानीय खेलकुद |

## २.४ विषयवस्तुको विस्तृतीकरण कक्षा १ देखि ५

### क्षेत्र : १ : हाम्रो यशोधरा

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • आफू बसोवास गर्ने टोल र समुदायको नाम बताउन | • परिवार तथा समुदायको परिचय | • आफ्नो परिवारको परिचय<br>• आफू बसोवास गर्ने समुदाय र गाउँको नाम बताउन<br>• आफू बसोबास गर्ने तथा साथीसमेतको गाउँ तथा टोल समुदायको नाम भन्न<br>• चित्र नक्सामा आफ्नो ठाउँ, समुदायको नाम देखाउन र पढ्न | • परिवारका सदस्यको नाम र नाता भन्न लगाउने<br>• विद्यार्थीलाई आफ्नो टोलका नाम भन्न लगाउने र आफ्नो साथीलाई सोध्न लगाउने<br>• विद्यार्थीलाई आफ्नो टोल र साथीको टोल कुन वडामा छ भन्न लगाउने<br>• आफ्नो पालिकाको नाम सोध्ने। | • तपाईँको घर कुन टोलमा पर्छ ?<br>• तपाईँको टोल कति न. वडामा पर्छ ? | १८ |
| २ | • आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातजातिको सूची बनाउन | • टोल र जातजाति | • टोलको परिचय<br>• आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातजातिको थर बताउन | • आफ्नो टोलको परिचय बताउने<br>• आफ्नो टोलमा रहेका विभिन्न जातजातिको परिचय बताइदिने | • आफ्नो टोलको नाम भन्नुहोस् ।<br>• आफ्नो टोलमा रहेका विभिन्न जातजातिको थर बताउनुहोस्। | १८ |
| ३ | • आफ्नो वडाको परिचय, वडाध्यक्ष र वडा सदस्यहरूको सङ्ख्या तथा नाम भन्न र लेख्न<br>• प्राकृतिक सम्पदाका बारेमा | • वडाको परिचय<br>• हाम्रा प्राकृतिक सम्पदा | • आफ्नो वडाको भूगोल, वडा अध्यक्षको नाम र सदस्यहरूको सङ्ख्या अनि नाम<br>• हाम्रा प्राकृतिक सम्पदा (खोला, ताल, इनार आदि) | • आफ्नो वडाको सिमाना भन्न लगाउने<br>• वडा अध्यक्षको नाम र सदस्यहरूको सङ्ख्या बताउन लगाउने<br>• हाम्रा प्राकृतिक सम्पदाको परिचय र महत्वबारे प्रकाश पार्ने | • आफ्नो वडाको सिमाना भन्नुहोस्।<br>• वडा अध्यक्षको नाम र सदस्यहरूको नाम बताउनुहोस् ।<br>• प्राकृतिक सम्पदा भनेको के हो ? | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | जानकारी लिन | | | | | |
| ४ | • गाउँपालिकाको नामकरण, वडाको सङ्ख्या, भौगोलिक दिशाको सामान्य पहिचान<br>• प्राकृतिक सम्पदाका बारेमा जानकारी लिन | • गाउँपालिकाको परिचय<br>• हाम्रा प्राकृतिक सम्पदा (नदी, खोला, ताल, वनजंगल आदि | • पालिकाको नाम र वडा सङ्ख्या<br>• भौगोलिक दिशाको परिचय<br>• हाम्रा प्राकृतिक सम्पदा (नदी, खोला, ताल, वनजंगल आदि | • पालिकाको नाम र वडा सङ्ख्या बताइदिने<br>• भौगोलिक दिशाको परिचय बताउने<br>• हाम्रा प्राकृतिक सम्पदा (नदी, खोला, ताल, वनजंगल आदि | • तपाईंको पालिकाको नाम र वडा सङ्ख्या बताउनुहोस् ।<br>• गाउँपालिकाका मुख्य खोला तथा नदीको नाम भन्नुहोस् । | १५ |
| ५ | • वडा र वडामा रहेका सेवा प्रदायक संस्थाहरूले प्रदान गर्ने सेवासुविधा बताउन<br>• हाम्रा प्राकृतिक सम्पदाका बारेमा जानकारी लिन | • वडा र वडाबाट दिइने सेवा<br>• टोल विकास संस्था<br>• हाम्रा प्राकृतिक सम्पदा | • वडाले दिने सेवा<br>• वडामा रहेका सेवा प्रदायक संस्थाहरूले प्रदान गर्ने सेवासुविधा (टोल विकास संस्था)<br>• हाम्रा प्राकृतिक सम्पदाको परिचय र संरक्षण | • वडाले जनतालाई दिने सेवाबारे बताउने<br>• वडामा रहेका सेवा प्रदायक संस्थाहरूको नाम सोध्ने र छलफल गर्ने<br>• टोल विकास संस्थाको काम, कर्तव्य र अधिकारका बारेमा बताइदिने<br>• हाम्रा प्राकृतिक सम्पदाको परिचय र संरक्षणका उपायका बारेमा बताइदिने | • वडा कार्यालयमा गई त्यहाँबाट दिइने सेवाका बारेमा जानकारी लिनुहोस् ।<br>• टोल विकास संस्थाको गठन कसरी गरिन्छ ?<br>• प्राकृतिक सम्पदाको संरक्षण कसरी गर्न सकिन्छ ? | १५ |

## क्षेत्र : २ : जीवनोपयोगी सिप र मूल्य शिक्षा

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● राम्रा बानीबेहोरा पालना गर्न<br>● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार प्रकट गर्न | ● असल बानी<br>● आदर र सत्कार | ● राम्रा बानीबेहोराबारे जानकारी लिई असल स्वभाव देखाउन<br>● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग आदर, सत्कारको व्यवहार प्रस्तुत गर्न | ● राम्रा बानीमा के के कुरा पर्छन् भन्नेबारे बताइदिने<br>● विद्यार्थीबीच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने र समूहमा बस्न लगाउने।<br>● आफूभन्दा ठुलो कक्षाका विद्यार्थीलाई दाजुदिदी भनी सम्बोधन गर्न अभ्यास गराउने।<br>● आफूभन्दा सानो कक्षाका विद्यार्थीलाई पनि तिमी तपाईँ जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने।<br>● | ● पाँचओटा राम्रा बानीबेहोरा भन्न लगाउने<br>● नमस्कार गरी आफ्नो परिचय दिन लगाउने।<br>● आफ्नो घरमा भएका सदस्यहरूको नातासहित वाक्य बनाउन लगाउने। | १५ |
| २ | ● स्थानीय जातजातिहरूले घरमा पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको अनुसरण गरी दैनिक जीवनमा लागु गर्न<br>● सहयोग र मेलमिलापबो बानीको विकास गर्न | ● असल संस्कार<br>● सहयोग र मेलमिलाप | ● स्थानीय मानिसहरूले घरमा पाहुना तथा मान्यजनलाई गर्ने अतिथि सत्कार, आदर सत्कारको परिचय<br>● परिवार, साथी र छरछिमेकमा सहयोगको भावना र मेलमिलाप | ● विद्यार्थीलाई आफ्नो घरमा पाहुना आउँदा पाहुनालाई के कसरी आदर गर्ने गरिएको छ र त्यसमा आफ्नो के भूमिका छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने। जस्तैः नमस्कार गर्ने, बस्न अनुरोध गर्ने, चिया पानी, खाना आदि पकाएर खुवाउने।<br>● विद्यालय नजिकैका कुनै तीनओटा बेग्लाबेग्लै जातजातिको घरमा गई त्यहाँका मानिससँग उनीहरूको परम्पराअनुसार पाहुनालाई कसरी सत्कार गरिएको छ भन्नेबारेमा छलफल गराई टिपोट गर्न लगाउने।<br>● परिवार, साथी र छरछिमेकमा सहयोग गर्ने र एकआपसमा मिलेर बस्नुपर्ने भन्नेबारे बताइदिने | ● आफ्नो घरमा आउने मान्यजनलाई तपाई कसरी स्वागत गर्नुहुन्छ भनेर सोध्नुहोस्।<br>● आदर सत्कारले हाम्रो परिचयमा के कस्तो फाइदा पुऱ्याउँछ भन्ने बारेमा सोध्नुहोस् ।<br>● सहयोग र मेलमिलापबाट कस्तो सम्बन्ध स्थापित हुन्छ भन्नेबारे सोध्नुहोस्। | १५ |
| ३ | ● स्थानीय समुदाय तथा समाजमा सभ्य परिवारको | ● सभ्य परिवार र आत्म अनुशासन | ● परिवारको अवधारणा, परिचय र परिवारका सदस्यबिचको | ● असल परिवार र अनुशासनसम्बन्धी भिडियो वा वृत्तचित्र प्रस्तुत गर्ने। | ● आफ्नो घरमा रहेका परिवारका सदस्यहरूसंग कस्तो व्यवहार | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | परिचय दिई, आत्म अनुशासनका लागि आवश्यक गुणहरूको अनुसरण गर्न | • असल बानी र अनुशासन | मेलमिलाप, अनुशासन तथा एकअर्कामा सम्मानसम्बन्धी वर्णन<br>• असल बानी र अनुशासनको महत्त्व | • परिवारको आधारणा र महत्वबारे बताइदिने ।<br>• विद्यार्थीलाई आफ्नो घरका सदस्यहरूसँग आफूले कसरी व्यवहार गर्ने गरेको छ भन्ने बारेमा पालैपालो भन्न लगाउने ।<br>• सभ्य परिवारमा हुनुपर्ने गुणहरूका बारेमा छलफल गर्ने । | गनुपर्छ ? छलफल गर्नुहोस् ।<br>• हामी किन अनुशासनमा बस्नुपर्छ र त्यसबाट के फाइदा हुन्छ ? भन्नुहोस् । | |
| ४ | • समुदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, असल परिवारमा अभिभावकले खेल्नुपर्ने भूमिकाको वर्णन गर्न र अनुसरण गर्न अभिभावकलाई प्रेरित गर्न | • असल परिवारमा अभिभावकको भूमिका<br>• असल र खराब आचरण | • परिवारको अवधारणा, परिचय र परिवारका सदस्यबिचको मेलमिलाप, अनुशासन तथा एकअर्कामा सम्मान र अभिभावकको भूमिकासम्बन्धी वर्णन<br>• असल र खराब आचरणसम्बन्धी गतिविधि | • असल परिवार, अनुशासन र परिवारमा अभिभावकले निभाउनुपर्ने सकारात्मक भूमिकासम्बन्धी छलफल प्रस्तुत गर्ने ।<br>• असल अभिभावक भएर छोराछोरी, परिवारका अन्य सदस्यहरू र समाजमा गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने ।<br>• असल अभिभावकबाट असल परिवार र असल परिवारबाट असल समाज बन्छ भन्ने कुरा देखाउन कुनै नाटक वा भिडियो खोजीगरी प्रदर्शन गर्ने ।<br>• कस्ता आचरण असल र कस्ता आचरण खराब हुन् भनी बताएर असल आचरण पालना गर्नुपर्ने भावनाको विकास गराउने र कुनै कथाको उदाहरण दिने । | • असल वा सभ्य परिवारको परिचय दिन लगाउनुहोस् ।<br>• असल परिवारका लागि असल अभिभावक बन्न केकस्ता कुराहरूमा ध्यान दिनुपर्छ सूची बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• असल आचरणका व्यक्तिले गर्ने पाँचओटा क्रियाकलाप भन्नुहोस् । | १० |
| ५ | • नैतिक आचरणको पालना गर्न र सकारात्मक सोचको विकास गर्न<br>• सञ्चार सिपको ज्ञान हासिल गरी सञ्चारसम्बन्धी कार्य गर्न | • नैतिक आचरण र सकारात्मक सोच<br>• सञ्चार सिप | • नैतिक आचरण र सकारात्मक सोचको परिचय र पालना<br>• सञ्चार सिपको विकास | • नैतिक आचरणअन्तर्गत के के कुराहरू पर्छन् भन्नेबारे बताइदिने<br>• सफल जीवनका लागि सकारात्मक सोच किन आवश्यक छ र सकारात्मक सोचअन्तर्गत के के कुरा पर्छन् भन्नेबारे बताइदिने<br>• सञ्चार सिप भनेको के हो भन्ने बताइदिने | • नैतिक आचरण र सकारात्मक सोच भन्नाले के बुझिन्छ ?<br>• सञ्चार सिप भनेको के हो ? | १० |

### क्षेत्र : ३ : स्वास्थ्य, सरसफाइ र वातावरण

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● शरीरका अङ्गको सरसफाइ गर्न<br>● फोहोरको परिचय दिन | ● शरीरको सरसफाइ<br>● फोहोर | ● शरीरका अङ्गको सरसफाइ<br>● फोहोरको परिचय | ● शरीरका अङ्गको सरसफाइ कसरी गर्ने भन्नेबारे बताउने र घरमा अभ्यास गर्न प्रेरित गर्ने<br>● फोहोरअन्तर्गत के के पर्छन् भन्ने कुरा बताइदिने | ● शरीरका अङ्गको सरसफाइको अभ्यास गर्नुहोस्।<br>● घरबाट निस्कने फोहोर के के हुन् ? | १८ |
| २ | ● कक्षाकोठा र घरको सरसफाइ गर्ने बानी बसाल्न<br>● डस्टबिनको प्रयोग गर्ने बानीको विकास गर्न | ● कक्षाकोठा र घरको सरसफाइ<br>● डस्टबिनको प्रयोग | ● कक्षाकोठा र घरको सरसफाइ गर्ने बानी<br>● डस्टबिनको प्रयोग गर्ने बानीको विकास | ● कक्षाकोठा र घरको सरसफाइ कसरी गर्ने भन्नेबारे बताइदिने र बानी विकास गराउने<br>● फोहोरलाई जथाभावी नफाली डस्टबिनमा राख्नुपर्छ भनी सिकाउने र बानीको विकास गराउने | ● कक्षाकोठाको सरसफाइ कसरी गर्न सकिन्छ ? साथीसँग छलफल गर्नुहोस्।<br>● डस्टबिन कस्ता कस्ता हुन्छन् ? | १८ |
| ३ | ● घरको खानामा पर्ने वस्तुको नाम बताउन<br>● फोहोरको वर्गीकरण गर्न<br>● पालिकामा पाइने औषधीजन्य वनस्पतिहरूको पहिचान गर्न | ● घरको खाना<br>● फोहोरको वर्गीकरण<br>● स्थानीय जडीबुटी | ● घरको खानामा पर्ने वस्तु<br>● फोहोरको वर्गीकरण (कुहिने, नकुहिने र हानिकारक)<br>● पालिकामा पाइने औषधीजन्य वनस्पतिहरूको पहिचान | ● घरको खानामा के के कुरा पर्छ भन्ने कुरा बताउने र घरको खानेकुरा खान प्रेरित गर्ने<br>● फोहोरलाई कुहिने, नकुहिने र हानिकारक गरी वर्गीकरण गर्न सिकाउने र व्यवस्थापन गर्न सिकाउने<br>● पालिकामा भएका औषधीजन्य वनस्पतिहरूको उपयोगका बारेमा छलफल गराउने | ● तपाईँले घरमा खाने खानेकुराको नाम भन्नुहोस्।<br>● कुहिने र नकुहिने फोहोरमा के के पर्छन् ?<br>● तपाईँको घरमा भएका औषधीजन्य वनस्पतिहरूको नाम भन्नुहोस्। | १८ |
| ४ | ● दिवा खाजामा प्रयोग हुने खानेकुराको नाम भन्न<br>● भान्साबाट निस्कने फोहोरको व्यवस्थापन गर्न<br>● घर तथा विद्यालयमा फूलबारी र बगैँचाको निर्माण गर्न | ● दिवा खाजा<br>● भान्साबाट निस्कने फोहोर<br>● फूलबारी र बगैँचा | ● दिवा खाजामा प्रयोग हुने खानेकुरा र दिवा खाजाका लागि आवश्यक क्यालोरी, यसका मुख्य विशेषता र फाइदा<br>● भान्साबाट निस्कने फोहोर र त्यसको व्यवस्थापन<br>● फूलबारी र बगैँचाको निर्माण | ● विद्यालयमा दिवा खाजामा प्रयोग हुने खानेकुराका नाम बताइदिने<br>● दिवा खाजाका लागि आवश्यक क्यालोरीका बारेमा छलफल गर्ने<br>● भान्साबाट निस्कने फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्न सिकाउने र बारीमा प्रयोग गर्ने लगाउने।<br>● घर तथा विद्यालयमा फूलबारी र बगैँचाको | ● विद्यालयमा दिवा खाजामा के के खानुहुन्छ ?<br>● भान्साबाट निस्कने फोहोरको व्यवस्थापन कसरी गर्न सकिन्छ ?<br>● घरमा फूलबारीको निर्माण गर्नुहोस्। | १० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | | निर्माण गर्ने अभ्यास गराउने। | | |
| ५ | ● सन्तुलित खानाले राम्रो स्वास्थ्य हुन्छ भन्ने बताउन<br>● फोहोरको असर बताउन र सचेत हुन<br>● गाउँपालिका क्षेत्रमा पाइने वन, वनस्पति र जीवजन्तुको पहिचान गर्न | ● सन्तुलित खाना र स्वास्थ्य<br>● फोहोरको असर<br>● गाउँपालिका क्षेत्रमा पाइने वन, वनस्पति र जीवजन्तु | ● सन्तुलित खाना र राम्रो स्वास्थ्य<br>● फोहोरको असर (फोहोरका कारण लाग्ने विभिन्न रोग)<br>● गाउँपालिका भित्र पाइने वन, वनस्पति र जीवजन्तुको संरक्षण | ● सन्तुलित खानाले स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावबारे बताइदिने र घरबाहिर बनेका खानेकुरा नखान प्रेरित गर्ने।<br>● फोहोरका कारण स्वास्थ्यमा पार्ने असरका बारेमा छलफल गर्ने<br>● गाउँपालिकाभित्र पाइने वन, वनस्पति र जीवजन्तुको संरक्षणका सम्बन्धमा छलफल गराउने | ● सन्तुलित खानामा के के पर्छन् ?<br>● फोहोरले गर्ने असरबारे लेख्नुहोस्।<br>● प्लास्टिकजन्य फोहोर र त्यसबाट हुने हानि लेख्नुहोस्।<br>● गाउँपालिकाभित्रका वनस्पति तथा जीवजन्तुको नाम भन्नुहोस्। | १० |

## क्षेत्र : ४ : स्थानीय जाति, भाषा, धर्म, संस्कृति र संस्कार

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● आफ्नो मातृभाषाको नाम भन्न।<br>● आफ्नो टोलमा बोलिने भाषाको नाम भन्न।<br>● टोलमा मनाउने चाडको नाम बताउन। | ● स्थानीय भाषा<br>● स्थानीय चाडपर्व | ● बालबालिकाको मातृभाषा (नेपाली, अवधी आदि)<br>● स्थानीय चाडपर्व (दसैँ, तिहार, तिज, ) | ● आफूले बोलिने मातृभाषाको नाम भन्न लगाउने।<br>● एउटै मातृभाषा बोल्ने बालबालिकालाई एकै ठाउँमा राखेर सामान्य संवाद गर्न लगाउने।<br>● आफ्नो मातृभाषामा जानेको एक बालगीत भन्न लगाउने।<br>● आफन्ो समुदायले मनाउने चाडको नाम भन्न लगाउने। | ● तपाईंको मातृभाषा कुन हो ?<br>● तपाईंको टोलमा बोलिने भाषाको नाम भन्नुहोस्।<br>● समुदायले मनाउने दुईओटा चाडपर्वको नाम बताउनुहोस्। | १८ |
| २ | ● स्थानीय धर्मका बारेमा बुझ्न<br>● स्थानीय पहिरनको परिचय बताउन | ● स्थानीय धर्म<br>● स्थानीय पहिरन | ● स्थानीय धर्म (हिन्दु, बौद्ध, इस्लाम, क्रिस्चियन )<br>● स्थानीय पहिरन (यशोधरामा बसोबास गर्ने विभिन्न जातजातिको पहिरन) | ● यशोधरा गाउँपालिकामा मानिने विभिन्न धर्मका नाम बताइदिने।<br>● विद्यार्थीलाई उनीहरूले मान्ने धर्मको नाम भन्न लगाउने<br>● स्थानीय पहिरनको परिचय बताउने र पोस्टर देखाएर पोसाकका बारेमा छलफल गराउने | ● तपाईँले मान्ने धर्मअनुसारको पर्वमा खाने परिकार कुन हो ?<br>● तपाईँले कुनै चाडमा लगाउने पोसाकको नाम भन्नुहोस्। | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३ | ● स्थानीय सांस्कृतिक गीत र नाचका बारेमा जानकारी लिन<br>● स्थानीय चाडपर्वको विशेषता र महत्व बताउन | ● स्थानीय सांस्कृतिक गीत र नाच<br>● स्थानीय चाडपर्व | ● स्थानीय सांस्कृतिक गीत र नृत्य ( विरहा, झर्रा, करहवा नाच )<br>● स्थानीय चाडपर्व (माघी रक्षाबन्धन) | ● स्थानीय सांस्कृतिक गीत र नाचका बारेमा छलफल गराउने र गीत प्रस्तुत गन<br>● विभिन्न समुदायका मानिसले मान्ने चाडपर्वका बारेमा छलफल गराउने | ● यशोधरामा प्रचलित नाचका बारेमा भन्नुहोस्।<br>● तपाईँको टोलमा मनाइने मुख्य चाडको नाम भन्नुहोस्। | १८ |
| ४ | ● स्थानीय संस्कार र संस्कृतिका बारेमा बताउन<br>● सांस्कृतिक गीत र नृत्यको महत्त्व बुझ्न | ● स्थानीय संस्कार र संस्कृति<br>● सांस्कृतिक गीत र नृत्य | ● स्थानीय संस्कार र संस्कृति ( नामकरण, ब्रह्म भोज, हकिका )<br>● सांस्कृतिक गीत र नृत्य (होली गीत, सोहर गीत, अहिरउवा नाच, सवनही गीत ) | ● स्थानीय समुदायका संस्कार र संस्कृति ( नामकरण, ब्रह्म भोज ) का बारेमा छलफल गर्ने<br>● सांस्कृतिक गीत र नृत्य त्य (होली गीत, सोहर गीत, अहिरउवा नाच, सवनही गीत )<br>● मा प्रयोग हुने पोसाक र बाजाका बारेमा बताउने र नृत्यको विशेषता बताउने | ● तपाईँले कुन कुन संस्कार मान्नुहुन्छ ?<br>● समूह मिलेरनाचको अभ्यास गर्नुहोस्। | १५ |
| ५ | ● स्थानीय परम्परित संस्कारको जानकारी लिन<br>● स्थानीय चाडपर्वको विशेषता बताउन | ● स्थानीय परम्परित संस्कार<br>● स्थानीय चाडपर्व | ● स्थानीय परम्परित संस्कार करवा चौथ, बरही (बच्चा जन्मेको वेला गरिने कार्यक्रम), मुण्डन, कार्तिक पूर्णिमा (नहान मेला),<br>● स्थानीय चाडपर्व (मोहर्रम, नागपञ्चमी (गुडिया) बुद्ध जयन्ती आदि) | ● स्थानीय परम्परित संस्कार करवा चौथ, बरही (बच्चा जन्मेको वेला गरिने कार्यक्रम), मुण्डनका बारेमा बताउने र यिनको महत्त्वमाथि प्रकाश पार्ने<br>● स्थानीय चाडपर्व (मोहर्रम, नागपञ्चमी ( गुडिया) बुद्ध जयन्ती आदि)मनाउने तरिकाबारे छलफल गर्ने | ● आआफ्नो जाति र समुदायमा गरिने संस्कारका बारेमा छलफल गर्नुहोस्।<br>● उँधौली पर्वका बारेमा लेख्नुहोस्। | १५ |

## क्षेत्र : ५ : हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थल

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● आफ्नो टोलभित्र रहेका धार्मिक स्थल र पर्यटकीय स्थलहरूको नाम बताउन | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल ब्रह्म बाबा थान, वासुदेव पूजन (पीपलको बोट), डिउहार बाबा, कोटही माई, | ● विद्यार्थी बसेको टोल गाउँ समुदायमा रहेको धार्मिक स्थलको नाम भन्न लगाउने।<br>● विद्यार्थी बसोबास गरेको गाउँटोलमा रहेका पर्यटकीय स्थलको नाम बताउन लगाउने।<br>● विद्यार्थीलाई एकआपसमा आफ्ना गाउँटोलका धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम सोध्न लागउने। | ● तपाईँको टोलका कुनै तीनओटा धार्मिक स्थलहरूका नाम भन्नुहोस्।<br>● तपाईँको गाउँटोलको कुनै एक पर्यटकीय स्थलको नाम बताउनुहोस्। | १८ |
| २ | ● आफ्नो वडाभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलको परिचय दिन। | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल ब्रह्म बाबा थान, वासुदेव पूजन (पीपलको बोट), डिउहार बाबा, कोटही माई, | ● विद्यार्थीलाई आफ्नो टोल वडाभित्र रहेका धार्मिक स्थलको नाम भन्न लगाउने।<br>● विद्यार्थीलाई आफ्नो टोल वडाभित्र रहेका पर्यटकीय स्थल भन्न लगाउने।<br>● विद्यार्थीलाई आफ्ना वडा र टोलका धार्मिक स्थलमा भ्रमण गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार ती स्थलको जानकारी गराउने। | ● तपाईँको टोल र वडाभित्र रहेका दुईओटा धार्मिक स्थलको नाम भन्नुहोस्।<br>● तपाईँको वडाभित्र रहेका कुनै २ ओटा पर्यटकीय स्थलको नाम भन्नुहोस्। | १८ |
| ३ | ● गाउँपालिकाका धार्मिक स्थलहरूको नाम भन्न।<br>● गाउँपालिकाका पर्यटकीय स्थलहरूको नाम बताउन। | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल समय माई, काली माई, बाणगंगा नदी, मस्जिद | ● बालबालिकालाई गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरूको नाम भन्न लगाउने।<br>● गाउँपालिकाका पर्यटकीय स्थलको आपसमा छलफल गरी सूची तयार गर्न लगाउने। | ● यशोधराका कुनै दुई धार्मिक स्थलको नाम भन्नुहोस्।<br>● यशोधराका कुनै दुई पर्यटकीय स्थलको नाम बताउनुहोस्। | १८ |
| ४ | ● यशोधरा गाउँपालिकाको धार्मिक सांस्कृतिक स्थलको परिचय दिन।<br>● पर्यटकीय स्थलको परिचय | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल (वनभोज स्थल, शिव मन्दिर, दुर्गा मन्दिर) | ● यशोधरा गाउँपालिकाको सांस्कृतिक विविधताका बारेमा कक्षाकोठामा विद्यार्थीबिच छलफल गराउने र आवश्यकताअनुसार शिक्षकले सहजीकरण गर्ने। | ● यशोधराको संस्कृतिका बारेमा एक अनुच्छेद लेख्नुहोस्।<br>● आफ्नो वडामा रहेका | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | बताउन | | | ● धार्मिक तथा पर्यटकीय स्थलको परिचय दिई तिनको महत्त्व बताइदिने | धार्मिक स्थलको नाम लेख्नुहोस्। | |
| ५ | ● यशोधराका पर्यटकीय तथा धार्मिक स्थलहरूका बारेमा जानकारी राख्न।<br>● पर्यटनको विकासमा धार्मिक र पर्यटकीय स्थलको भूमिका बताउन। | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | स्थानीय धार्मिक तथा पर्यटकीय स्थल (भरत घाट, भगवान दास मेमोरियल स्टेडियम, मठमन्दिर, कुदान, ऐतिहासिक स्थल सिसहनीयाकोट) | ● विद्यार्थीका बिचमा यशोधराका धार्मिक स्थलहरूको सूचीबारे छलफल गर्ने।<br>● पर्यटकीय स्थल भनेको के हो ? यशोधरामा कुन कुन पर्यटकीय स्थल छन् ? छलफल गर्ने।<br>● पर्यटनको विकासमा धार्मिक र पर्यटकीय स्थलको महत्त्वबारे प्रकाश पारिदिने। | ● यशोधराका धार्मिक स्थलको सूची तयार गर्नुहोस्।<br>● पर्यटकीय स्थल भनेको के हो यशोधरामा कुन कुन पर्यटकीय स्थल छन् ? | १५ |

## विषयक्षेत्र : ६ : स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • आफ्ना परिवारका सदस्यले गर्ने पेसाव्यवसाय बताउन | • स्थानीय पेसा र व्यवसाय | • परिवारका सदस्यको पेसा बताउन<br>• आफ्ना परिवारका सदस्यले गर्ने व्यवसाय बताउन (कृषि, शिक्षण, पशुपालन, व्यापार) | • सबै विद्यार्थीलाई पालैपालो आआफ्नो परिवारको पेसा बताउन लगाउने,<br>• परिवारका सदस्यले गर्ने व्यवसाय बताउन लगाउने, | • तपाईंका परिवारमा कसकसले के के गर्नुहुन्छ ?<br>• तपाईंका परिवारको व्यवसाय के हो ? | १८ |
| २ | • छिमेकीको पेसाव्यवसाय थाहा पाउन | • स्थानीय पेसा र व्यवसाय | • आफ्ना छिमेकीको पेसा बताउन<br>• आफ्ना छिमेकीको पेसा र व्यवसाय (बाँसका सामान बनाउने, भाँडा बनाउने, सिकर्मी, डकर्मी, होटल व्यवसाय) | • कक्षाका विद्यार्थीलाई आफ्ना छिमेकीको पेसा बताउन लगाउने<br>• विद्यार्थीलाई उनीहरूले देखेका व्यवसायका नाम बताउन लगाउने | • तपाईं टोलमा बस्ने को कोले के के काम गर्नुहुन्छ ?<br>• तपाईंले जानेका कुनै तीन व्यवसायको नाम भन्नुहोस्। | १८ |
| ३ | • स्थानीय पेसार प्रविधिका बारेमा जानकारी लिन | • स्थानीय पेसा<br>• स्थानीय प्रविधि | • आफ्नो वडाका व्यक्तिको पेसा (शिक्षक, रोजगारी, निजामती सेवा, स्वरोजगार, स्वास्थ्यकर्मी)<br>• आफ्नो वडामा प्रचलित स्थानीय प्रविधि (हलो, जुवा, कोदालो, गुन्द्री, जाँतो) आदिको परिचय, प्रयोग र निर्माण | • विद्यार्थीलाई व्यक्तिले गर्ने विभिन्न पेसाका बारेमा जानकारी दिने<br>• वडामा बसोबास गर्ने व्यक्तिले गर्ने पेसाका बारेमा सोध्ने र पेसाबारे स्पष्ट पारिदिने<br>• विद्यार्थीलाई स्थानीय प्रविधिका बारेमा प्रश्न सोध्ने र आफ्नो गाउँघरमा रहेका प्रविधिका बारेमा बताइदिने र निर्माण गर्ने तरिका सिकाउने | • तपाईंका वडामा कुन कुन पेसामा आबद्ध व्यक्ति बस्नुहुन्छ ?<br>• तपाईंले जानेका कुनै दुई पेसाको नाम भन्नुहोस्।<br>• तपाईंले जानेका कुनै दुई स्थानीय प्रविधिको नाम भन्नुहोस्। | १८ |
| ४ | • स्थानीय उद्योग, व्यवसाय र बजारका बारेमा जानकारी लिन | • स्थानीय उद्योग<br>• हाम्रा व्यवसाय<br>• स्थानीय बजार | • स्थानीय उद्योगको परिचय दिन (फर्निचर, कुटानी, पिसानी, सिलाइ, कटाइ, आरन, कर्मकाण्ड, आदिको परिचय, प्रयोग र निर्माण<br>• स्थानीय स्तरमा रहेका पशुपालन व्यवसाय (भेडा, बाख्रा, गाई, भैंसी)<br>• स्थानीय बजार क्षेत्रको परिचय | • विद्यार्थीलाई स्थानीय उद्योगका बारेमा जानकारी दिने<br>• स्थानीयस्तरमा चलेका उद्योगका बारेमा जानकारी दिने र उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक ज्ञान प्रदान गर्ने<br>• वडामा रहेका पशुपालन व्यवसायका बारेमा सोध्ने र पशुपालन व्यवसायको | • तपाईंले कुन कुन उद्योग देख्नुभएको छ ?<br>• पशुपालन व्यवसायका फाइदा लेख्नुहोस्।<br>• तपाईंको वडामा रहेका बजार क्षेत्र कुन कुन हुन् र त्यहाँ के के कारोबार हुन्छ ? | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | | फाइदा बताइदिने<br>● व्यावसायिक रूपमा पशुपालन कसरी गर्न सकिन्छ भन्नेबारे बताइदिने<br>● यशोधराका प्रमुख बजार क्षेत्रका बारेमा जानकारी दिने | | |
| ५ | ● परम्परागत प्रविधिको आवश्यकता बताउन<br>● उद्यमका बारेमा बताई उद्यम गरी जीविकोपार्जन गर्ने सिप हासिल गर्न<br>● कृषि व्यवसायका बारेमा जानकारी लिन | ● हाम्रा परम्परित प्रविधि<br>● हाम्रा उद्यम<br>● कृषि व्यवसाय | ● परम्परागत प्रविधिको परिचय<br>● परम्परागत प्रविधि (डोका, नाम्ला, भकारी, डालो, दुनाटपरी, ढिकुल ( पानी निकाल्ने) ) आदिको परिचय, प्रयोग र निर्माण<br>● हाम्रा उद्यम (मूर्तिकला, काष्ठकला) आदिको परिचय, प्रयोग र निर्माण<br>● कृषि व्यवसाय (कखुरापालन, मौरीपालन ) | ● परम्परागत प्रविधि र आधुनिक प्रविधिका बारेमा बताइदिने<br>● परम्परागत प्रविधिअन्तर्गत डोका, नाम्ला, भकारी, डालो, दुनाटपरी बनाउने सिप सिकाउने र व्यावसायीकरण गर्न प्रोत्साहित गराउने<br>● मूर्तिकला र काष्ठकलाबाट विभिन्न सामग्री निर्माणको अभ्यास गराउने र यस्ता वस्तुको निर्यातबाट प्रशस्त आयआर्जन हुने कुरा बताइदिने<br>● विभिन्न सामग्री निर्माण भएका ठाउँको अवलोकन भ्रमण गराउने र निर्माणको सिप सिकाउने<br>● कृषि व्यवसायअन्तर्गत व्यावसायिक कुखुरापालन र मौरीपालनको तरिका र यसबाट हुने फाइदा बताइदिने । | ● मानिसले किन पेसाव्यवसाय गर्छन् ?<br>● डोका, नाम्ला, भकारी, डालो, दुनाटपरी निर्माणका लागि चाहिने औजारका बारेमा लेख्नुहोस् ।<br>● काठबाट कस्ता कस्ता सामग्री निर्माण गर्न सकिन्छ ?<br>● व्यावसायिक कुखुरापालन र मौरीपालनको फाइदा लेख्नुहोस् । | १५ |

### क्षेत्र : ७ : प्रकोप र विपत् व्यवस्थापन

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • घर र विद्यालयमा हुने दुर्घटनाबाट सावधानी अपनाउन | • चोटपटक | • घर र विद्यालयमा हुने दुर्घटना | • हतियार चलाउँदा हात काट्ने, बेन्चमा चल्दा चोटपटक लाग्ने, हतारमा दौड्दा लड्न सकिने आदिका बारेमा बताइदिने<br>• चोटपटकबाट बच्न कस्तो सावधानी अपनाउनुपर्छ भनी बताइदिने | • चोटपटक भनेको के हो ?<br>• चोटपटक लाग्नबाट बच्न के गर्नुपर्छ ? | १५ |
| २ | • विद्युत्का कारणबाट हुने दुर्घटना र बच्ने उपायबारे जानकारी लिन | • विद्युत् दुर्घटना र बच्ने उपाय | • विद्युत्का कारणबाट हुने दुर्घटना र बच्ने उपाय | • विद्युत् दुर्घटनाको जोखिमबारे छलफल गरी बच्ने उपाय बताउने<br>• विद्युतीय उपकरण नाङ्गो हातले छुनुहुँदैन भन्नेबारे बताइदिने<br>• विद्युतीय उपकरण, तार, स्विच आदि चलाउन नहुने भनी बताइदिने | • विद्युतीय गडबडीका कारण हुने दुर्घटनाबाट बच्न के गर्नुपर्छ ? | १५ |
| ३ | • दुर्घटनाबाट बच्ने उपायबारे जानकारी लिन | • दुर्घटना (सडक, रुखबाट लड्ने) | • सडक दुर्घटना र रुखबाट खस्ने घटनाबाट बच्ने उपाय | • सडक दुर्घटनाका कारण बताएर जोगिने उपायबारे छलफल गर्ने<br>• रुखबाट खस्ने घटनाबाट बच्ने उपाय र प्राथमिक उपचारबारे जानकारी दिने | • सडक दुर्घटना न्यूनीकरण गर्नका लागि समुदायका तर्फबाट के के गर्नुपर्ला ? छलफल गर्नुहोस् । | १५ |
| ४ | • प्रकोपबाट बच्ने उपायबारे ज्ञान हासिल गर्न | • आगलागी, भूकम्प र सर्पदंश | • प्राकृतिक प्रकोप (आगलागी, भूकम्प र लु) का कारण र सावधानी | • आगलागीका कारणबारे छलफल गर्ने<br>• आगलागीबाट बच्न सावधानीका उपायबारे बताउन<br>• भूकम्पबाट बच्ने उपायबारे छलफल गर्ने<br>• लुको रोकथाम र सावधानीका उपाय | • भूकम्प आएका वेला के गर्नुपर्छ ?<br>• पहिरो रोकथामका लागि के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ? | १२ |
| ५ | • प्राकृतिक प्रकोपबाट जोगिने उपायबारे ज्ञान हासिल गर्न | • प्राकृतिक प्रकोप (चट्याङ, असिना, हावाहुरी, शीतलहर) | • प्राकृतिक प्रकोप (चट्याङ, असिना, हावाहुरी, शीतलहर) बाट सावधानी | • प्राकृतिक प्रकोपबारे बताएर चट्याङ, असिना, हावाहुरी, शीतलहरबाट बच्न अपनाउनुपर्ने सावधानीका बारेमा बताइदिने | • चट्याङ, असिनाबाट जोगिने उपायबारे लेख्नुहोस् ।<br>• शीतलहरबाट बच्ने उपाय उल्लेख गर्नुहोस् । | १२ |

## क्षेत्र : ८ : कृषि तथा स्थानीय उत्पादन

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान (धान मकै, गहुँ, आलु, जौ तथा अन्य ) | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको नाम बताइदिने | • तपाईंको समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको नाम भन्नुहोस् । | १८ |
| २ | • फलफूल खेतीको महत्त्व थाहा पाउन<br>• वडाभित्रका कृषिजन्य उत्पादनको पहिचान गर्न | • फलफूल खेती<br>• कृषिजन्य उत्पादन | • फलफूल खेती (मेवा, बेलौती, केरा तथा अन्य) खेतीको परिचय र महत्त्व<br>• आफ्नो टोलमा उत्पादन हुने कृषिजन्य उत्पादन | • फलफूल खेतीको महत्त्वबारे कक्षामा छलफल गर्ने<br>• विद्यार्थीलाई वडामा उत्पादन हुने बालीनाली तथा फलफूलको नाम भन्न लगाउने<br>• विद्यार्थीलाई आफ्नो टोलमा उत्पादन हुने कृषिजन्य उत्पादनको नाम भन्न लगाउने र छलफल गराउने | • घरमा उत्पादन हुने बालीनालीको नाम भन्नुहोस् ।<br>• तपाईंलाई कुन फलफूल मन पर्छ ?<br>• घरमा उत्पादन हुने कुनै पाँचओटा कृषिजन्य उत्पादनको नाम लेख्नुहोस् । | १८ |
| ३ | • तरकारी खेतीका बारेमा जानकारी लिन<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको नाम बताउन | • तरकारी खेती<br>• नगदेबाली र फलफूल | • तरकारी खेती (काउली, बन्दा, आलु तथा अन्य ) गर्ने तरिका<br>• नगदेबाली र फलफूल (खुर्सानी, बेसार, कटहर, मेवा, अम्बाको जानकारी) | • स्थानीय क्षेत्रमा गरिने तरकारी खेतीका बारेमा समूहगत छलफल गर्ने<br>• विद्यार्थीलाई घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको नाम भन्न लगाउने | • घरको करेसाबारीमा कुन कुन तरकारी खेती गर्न सकिन्छ ?<br>• तपाईंको घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको नाम भन्नुहोस् । | १८ |
| ४ | • कोसेबाली र तेलहन बालीको पहिचान गर्न<br>• बर्खे र हिउँदे आलुको व्यावसायीकरणबारे बताउन | • कोसेबाली, लहरेबाली र तेलहन बाली<br>• आलु खेती | • कोसे र लहरेबाली (बोडी, सिमी, घिरौँला, करेला, चिचिन्डा आदि) र तेलहन (तोरी लाही) बालीको परिचय<br>• आलुको खेती तरिका र | • बालीको परिचय दिई यसको वर्गीकरण गरिदिने<br>• गाउँपालिकाभित्र कोसेबाली, लहरेबाली र तेलहन बालीका उर्वर क्षेत्रको पहिचान गर्ने | • बालीको परिचय दिनुहोस् ।<br>• तपाईंको वडामा धेरै उत्पादन हुने बाली कुन हो ? | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | व्यावसायीकरण | • आलुको खेती तरिका र व्यावसायीकरणबाट हुने फाइदाका बारेमा छलफल गर्ने | • आलु खेतीको व्यावसायीकरण कसरी गर्न सकिन्छ ? | |
| ५ | • व्यावसायिक तरकारी खेतीका बारेमा जानकारी लिन<br>• पशुपालन व्यवसायको फाइदाबारे बताउन | • तरकारी खेती<br>• पशुपालन | • व्यावसायिक तरकारी खेतीको परिचय र फाइदा (मुला, सिमी, बोडी, खुर्सानी, लौका, टमाटर आदि)<br>• पशुपालनको परिचय र फाइदा | • व्यावसायिक तरकारी खेतीको परिचय र फाइदाबारे छलफल गराउने<br>• पशुपालनको परिचय बताएर यसबाट हुने फाइदाका बारेमा छलफल गर्ने | • व्यावसायिक कृषिको विकासका लागि गाउँपालिकाले के कस्तो नीति बनाउनुपर्ला ? | १६ |

## विषयक्षेत्र : ९ : हाम्रा सेवाप्रदायक स्थानीय सङ्घसंस्था र व्यक्ति

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • आफ्नो टोलमा रहेका पाटीपौवा र चौपारीका बारेमा जानकारी लिन | • पाटीपौवा र चौपारी | • आफ्नो टोलमा रहेका पाटीपौवा र चौपारीको परिचय | • विद्यार्थीलाई आआफ्नो टोलमा भएका पाटीपौवा र चौपारीका बारेमा भन्न लगाउने<br>• पाटीपौवा र चौपारी सबैका साझा भएकाले यसको संरक्षण गर्नुपर्ने कुरा बताइदिने | • तपाईँको टोलमा भएका पाटीपौवा र चौपारीको नाम भन्नुहोस्। | १० |
| २ | • आफ्नो टोलमा भएका बालक्लबका बारेमा जानकारी लिन | • बालक्लब | • आफ्नो टोलमा रहेका बालक्लब र बालसञ्जाल | • विद्यार्थीलाई टोलमा रहेका सङ्घसंस्थाका बारेमा प्रश्न सोध्ने<br>• विद्यार्थीलाई बाल क्लबले गर्ने कामका बारेमा छलफल गर्ने<br>• विद्यार्थीलाई वडामा रहेका सङ्घसंस्थाका बारेमा प्रश्न सोध्ने | • तपाईँको टोलमा रहेका कुनै दुई संस्थाकाको नाम भन्नुहोस्।<br>• बालक्लबका बारेमा भन्नुहोस्।<br>• तपाईँको वडाका कुनै दुई संस्थाको नाम भन्नुहोस्। | १० |
| ३ | • धार्मिक संस्था र आमासमूह महत्त्व तथा तिनले गर्ने कामबारे | • धार्मिक संस्था र आमा समूह | • सङ्घसंस्थाको महत्त्व र आवश्यकता (धार्मिक संस्था र आमासमूह) | • विद्यार्थीलाई सङ्घसंस्थाको महत्त्व र आवश्यकताका बारेमा सोध्ने<br>• धार्मिक संस्थाअन्तर्गत कुन कुन संस्था पर्छन् | • कक्षामा पालैपालो सङ्घसंस्थाको महत्त्व भन्नुहोस्।<br>• तपाईँको टोलमा आमासमूहले | १० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | जानकारी लिन | | | भन्ने कुरा बताइदिने<br>● आमासमूहले गर्ने सामाजिक कामका बारेमा बताइदिने | गरेका काम उल्लेख गर्नुहोस्। | |
| ४ | ● प्रहरी चौकीले प्रदान गर्ने सेवाका बारेमा जानकारी लिन | ● प्रहरी चौकी र सेवा | ● प्रहरी चौकी र प्रदान गर्ने सेवा | ● आफ्नो टोल वा नजिकमा रहेका प्रहरी चौकीका बारेमा विद्यार्थीलाई सोध्ने<br>● गाउँपालिकाभित्र रहेका प्रहरी चौकीका बारेमा बताइदिने<br>● प्रहरी चौकीले नागरिकलाई दिने सेवासुविधाका बारेमा जानकारी गराउने | ● गाउँपालिकामा रहेका प्रहरी चौकीको विवरण दिई प्रहरी चौकीले प्रदान गर्ने कुनै पाँचओटा सेवा उल्लेख गर्नुहोस्। | १० |
| ५ | ● स्वास्थ्य संस्थाले दिने सेवाबारे जानकारी लिन | ● हाम्रा स्वास्थ्य संस्था र एकाइ | ● स्वास्थ्य संस्था र तिनले दिने सेवा | ● विद्यार्थीलाई सङ्घसंस्थाको महत्त्व र आवश्यकताबारे छलफल गर्न लगाउने<br>● गाउँपालिकामा रहेका विभिन्न प्रकृतिका स्वास्थ्य संस्था (खोप क्लिनिक, गाउँघर क्लिनिक, स्वास्थ्य एकाइ, अस्पताल आदि) का बारेमा बताइदिने<br>● स्वास्थ्य संस्थाले दिने सेवाका बारेमा समूहगत रूपमा छलफल गराउने<br>● गाउँपालिकाले दीर्घरोगीलाई दिएको सेवा | ● तपाईँलाई कस्ता संस्था मन पर्छन् ?<br>● स्वास्थ्य संस्थाको महत्व लेख्नुहोस्। | १० |

## क्षेत्र : १० : योग–ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • सुखासन र ज्ञानमुद्राबारे बताउन ।<br>• आफूलाई मन पर्ने खेलका नाम बताउन | • योग ध्यान<br>• स्थानीय खेल | • सुखासन र ज्ञानमुद्राको अवस्थाबारे बताउन ।<br>• आफूलाई मन पर्ने खेलका नाम भन्न (गट्टा वा गोटी) | • सुखासन र ज्ञानमुद्रा सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने र विद्याथीलाई गर्न लगाउने ।<br>• स्थानीय खेल गट्टाको अभ्यास गराउने | • विद्यार्थीलाई सुखासन र ज्ञानमुद्रामा बस्न लगाउने र मिले नमिलेको अवलोकन गर्नुहोस् ।<br>• गट्टा खेल खेल्नुहोस् । | १२ |
| २ | • ओम उच्चारण र ध्यान गर्न<br>• आफ्नो टोल र वडामा खेलिने स्थानीय खेलको नाम भन्न र खेल खेल्न | • योग ध्यान<br>• स्थानीय खेल | • ओम उच्चारण र ध्यान<br>• स्थानीय खेल (वडा र समुदायमा खेलिने दौड, लुकामारी) । | • विद्यार्थीलाई निर्देशनअनुसार ओम उच्चारण, मुद्रामा ध्यान र आसनसम्बन्धी पोस्टर र भिडियो शिक्षकले देखाई विद्यार्थीलाई गर्न लगाउने ।<br>• आफ्नो स्थानीय स्तरमा खेलिने खेल खेल्न लगाउने । | • ओम उच्चारण र श्वासको आरोह, अवरोह मिले नमिलेको अवलोकन गर्ने ।<br>• स्थानीय खेल खेल्न लगाउने । | १२ |
| ३ | • योगासनबाट हुने फाइदा बताउन<br>• स्थानीय स्तरमा खेलिने खेल खेल्न | • योग ध्यान<br>• स्थानीय खेल | • योगासनको परिचय र महत्त्व<br>• स्थानीय स्तरमा खेलिने खेल (जस्तै : डोरी खेल, ढिपोक, आदि) । | • योगासनसम्बन्धी सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने ।<br>• डोरी खेल, ढिपोक आदि) आदि स्थानीय स्तरमा खेलिने खेल खेल्न लगाउने | • विद्याथीहरूलाई योगासनबाट हुने फाइदा भन्न लगाउनुहोस् ।<br>• स्थानीय स्तरमा खेलिने खेलको अभ्यास गर्नुहोस् । | १२ |
| ४ | • ध्यान तथा प्राणायामबारे बुझ्न<br>• गाउँपालिकामा खेलिने खेलका नियम बताउन | • योग ध्यान<br>• स्थानीय खेल | • ध्यान तथा प्राणायामको परिचय र महत्त्व<br>• स्थानीय खेल डन्डीबियो (गुल्लीडन्डा) | • ध्यान तथा प्राणायामबाट हुने फाइदा बताइदिने<br>• डन्डीबियो खेल्ने नियमका बारेमा बताइदिने | • ध्यान र प्राणायामबाट हुने फाइदा लेख्नुहोस् ।<br>• डन्डीबियो खेल खेल्नुहोस् । | १० |
| ५ | • शारीरिक कसरतका लागि स्थानीय स्तरमा प्रचलित अभ्यासहगर्न | • व्यायाम<br>• स्थानीय खेलकुद | • व्यायाम र यसका फाइदा<br>• स्थानीय स्तरमा खेलिने खेलहरू जस्तैः दौड, भलिबल | • विभिन्न किसिमका व्यायामका बारेमा छलफल गराउने र सूक्ष्म व्यायामका बारेमा बताइदिने<br>• स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेल खेल्ने खेलहरूको सूची प्रस्तुत गर्ने र खेल्ने तरिकाबारे छलफल सहित अभ्यास गराउने, जस्तैः खेलहरूः दौड, भलिबल | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको परिचय दिन लगाउनुहोस् ।<br>• कुनै दुईओटा स्थानीय खेलको प्रतिस्पर्धा गराउनुहोस् । | १० |

## २.५ कक्षा ६ देखि ८ सम्मको विषयवस्तु

### क्षेत्र : १ : हाम्रो यशोधरा

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **विषयवस्तु** | ● गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण<br>● हाम्रा जनप्रतिनिधि, वडा कार्यालय र सेवा<br>● स्थानीय सरकारका एकल अधिकार | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा<br>● न्यायिक समिति<br>● स्थानीय सरकार र प्रदेश सरकारका साझा अधिकार | ● गाउँसभाको काम, कर्तव्य र अधिकार<br>● गाउँपालिका अध्यक्ष र उपाध्यक्ष<br>● सुशासन र सार्वजनिक सुनुवाइ<br>● स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका साझा अधिकार |

### विषयक्षेत्र : २ : जीवनोपयोगी सिप तथा जीवनशैली

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **विषयवस्तु** | ● ज्येष्ठ नागरिकको सम्मान<br>● हाम्रा दिनचर्या र असल स्वभाव | ● लागुपदार्थ दुर्व्यसन<br>● सकारात्मक चिन्तन | ● असल स्पर्श र खराब स्पर्श<br>● सहयोग र सम्मान |

### विषयक्षेत्र : ३ : स्वास्थ्य, सरसफाइ र वातावरण

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **विषयवस्तु** | ● पौष्टिक खाना तथा पत्रु खानाको फाइदा र असर<br>● गाउँपालिका क्षेत्रमा जलस्रोतको संरक्षण गर्ने उपायहरू | ● स्थानीय वातावरण प्रदूषण र न्यूनीकरणका उपाय<br>● महामारी, नसर्ने रोग र रोकथामका उपाय<br>● हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्त्व | ● सरसफाइमा समुदायको भूमिका<br>● हरित विद्यालयको अवधारणा र सिकाइ<br>● जडीबुटी खेती र आर्थिक फाइदा (स्थानीय क्षेत्रमा पाइने जडीबुटीजन्य वनस्पतिहरू र स्थानीय वनस्पतिहरूको नर्सरी, वृक्षरोपण) |

## क्षेत्र : ४ : स्थानीय जाति, भाषा, धर्म, संस्कृति र संस्कार

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| विषयवस्तु | ● परम्परागत वाद्यवादनका साधन<br>● सनातन परम्पराका संस्कार | ● स्थानीय नृत्य र गीत<br>● सनातन परम्पराका संस्कार | ● हाम्रा जाति, भाषा र धर्म<br>● हाम्रा संस्कार |

## क्षेत्र : ५ : हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थल

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| विषयवस्तु | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | ● स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | ● गाउँपालिकाको पर्यटनको विकासमा वरपर रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको भूमिका<br>● लुम्बिनी र बुद्ध स्थल |

## विषयक्षेत्र : ६ : स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| विषयवस्तु | ● स्थानीय पेसा तथा व्यवसाय<br>● व्यवसाय दर्ता र सञ्चालन | ● स्थानीय पुष्प व्यवसाय र फाइदा<br>● वृत्ति विकासको परिचय | ● व्यवसायमूलक कार्य र आर्थिक उपार्जन<br>● व्यक्तिको क्षमता र वृत्तिछनोट अवधारणा (शैक्षिक परामर्श) |

## विषयक्षेत्र ७ : प्रकोप र विपत् व्यवस्थापन

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| विषयवस्तु | ● प्राकृतिक र मानवीय प्रकोप न्यूनीकरण<br>● चट्याङ र विद्युत्का कारण हुने विपत्ति<br>● महामारी र सरुवा रोग | ● विपद् पूर्व तयारी<br>● प्राथमिक उपचार | ● सुरक्षित विद्यालयको अवधारणा<br>● वातावरणमैत्री पूर्वाधार विकास र विपद् रोकथाम<br>● प्राकृतिक स्रोत र सम्पदाको संरक्षण |

## विषयक्षेत्र ८ : कृषि तथा स्थानीय उत्पादन

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **विषयवस्तु** | • माटो र माटोको परिचय<br>• मौसमी तथा बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने तरिका (टनेल खेती)<br>• कृषिउपजको भण्डारण | • माटो र माटोको विशेषता<br>• आधुनिक र व्यावसायिक तरकारी खेती तरिका र फाइदा<br>• व्यावसायिक पशुपालनको महत्त्व र फाइदा (भैँसीपालन, बङ्गुरपालन)<br>• कृषिउपजको प्याकेजिङ | • खेतीबालीका लागि माटोको चयन र बाँझो जमिनको उपयोग<br>• स्थानीय तरकारीको व्यावसायीकरण (टमाटर, काउली, खुर्सानी, आलु, सिमी आदि)<br>• व्यावसायिक कृषिको विकासमा गाउँपालिकाको भूमिका (किसानसँग कृषि कार्यक्रम)<br>• कृषिउपजको बजारीकरण |

## विषयक्षेत्र : ९ : हाम्रा सेवाप्रदायक स्थानीय सङ्घसंस्था र व्यक्ति

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **विषयवस्तु** | • गाउँपालिकाका शैक्षिक संस्था | • मानवसेवामा समर्पित संस्था<br>• सहकारी | • उपभोक्ता समिति<br>• दलित सामाजिक विकास केन्द्र र कालिका स्वावलम्बन केन्द्र |

## विषयक्षेत्र : १० : योग, ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा

| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **विषयवस्तु** | • स्थानीय खेलकुद, योग, व्यायाम<br>• प्राकृतिक चिकित्सा | • स्थानीय खेलकुद, योग, व्यायाम<br>• प्राकृतिक चिकित्सा | • स्थानीय खेलकुद, योग, व्यायाम<br>• प्राकृतिक चिकित्सा पद्धति |

## २.६ विषयवस्तुको विस्तृतीकरण कक्षा ६ देखि ८

### क्षेत्र : १ : हाम्रो यशोधरा

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ६ | ● गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण बताउन<br>● जनप्रतिनिधि र वडाबाट प्राप्त सेवाबारे जानकारी प्राप्त गर्न | ● गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण<br>● हाम्रा जनप्रतिनिधि, वडा कार्यालय र सेवा<br>● स्थानीय सरकारका एकल अधिकार | ● सिमाना र क्षेत्रफल<br>● जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण<br>● २०७४ सालपछिका जनप्रतिनिधि<br>● वडा कार्यालयबाट प्रदान गरिने सेवा<br>● स्थानीय सरकारका एकल अधिकारअन्तर्गत पर्ने मुख्य मुख्य अधिकार | ● गाउँपालिकाको सिमाना र क्षेत्रफल बताउने<br>● पालिकाको जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण बताउने<br>● २०७४ पछिका जनप्रतिनिधिको परिचय दिने<br>● वडा कार्यालयको गठन प्रक्रिया र वडा कार्यालयबाट प्रदान गरिने सेवाबारे बताउने<br>● विद्यार्थीलाई वडा कार्यालयको भ्रमण गराई वस्तुस्थितिका बारेमा जानकारी दिने<br>● वडाबाट सेवा लिन लेख्नुपर्ने निवेदन र प्रक्रियाका बारेमा बताउने<br>● स्थानीय सरकारका एकल अधिकारका बारेमा वक्तृत्वकला आयोजना गर्ने | ● तपाईंको वडाको जनसङ्ख्या लेख्नुहोस्।<br>● गाउँपालिकाको सिमाना उल्लेख गर्नुहोस्।<br>● वडा कार्यालयमा सुरक्षाको प्रबन्ध गर्न अनुरोध गरी निवदेन लेख्नुहोस्।<br>● तपाईंका वडाका वडाध्यक्ष र सदस्यका बारेमा बताउनुहोस्।<br>● जन्मदर्ताका लागि लेखिने निवेदनको ढाँचा तयार पार्नुहोस्। | कपिलवस्तु जिल्लाको नक्सा देखाएर यशोधरा गाउँपालिकाका छिमेकी पालिका पहिचान गराउने। | १५ |
| ७ | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा बताउन<br>● न्यायिक समितिको गठन र कामबारे बताउन<br>● छिमेकी | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा<br>● न्यायिक समिति<br>● स्थानीय सरकार र प्रदेश सरकारका साझा अधिकार | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा<br>● न्यायिक समितिको गठन तथा काम, कर्तव्य र अधिकार<br>● स्थानीय सरकार र प्रदेश सरकारका साझा अधिकार अन्तर्गत पर्ने मुख्य मुख्य अधिकार | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधाका बारेमा छलफल गराउने<br>● चार्टका माध्यमबाट सेवासुविधाका बारेमा बताउने<br>● विद्यार्थीलाई गाउँपालिकाको भ्रमण गराएर कुन कुन शाखाबाट कुन कुन सेवा लिन सकिन्छ भन्नेबारे बताउने<br>● छिमेकी पालिकाको भौगोलिक | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने कुनै पाँचओटा सेवा उल्लेख गर्नुहोस्।<br>● मेलमिलाप केन्द्र र मेलमिलाप कर्ताका बारेमा छलफल गर्नुहोस्।<br>● छिमेकी पालिकाको भौगोलिक परिचय | न्यायिक समिति जस्तै कक्षामा पनि अनुशासन समिति गठन गराएर समिति गठनको प्रक्रिया बुझाउने।<br>छिमेकी पालिकाका मुख्य मुख्य पर्यटकीय स्थलको | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | पालिकाको परिचय बताउन | | | परिचय दिई यशोधरा गाउँपालिकाको छिमेकी पालिकासँगको अन्तर्सम्बन्ध बताउने<br>● न्यायिक समितिको गठन तथा काम, कर्तव्य र अधिकारबारे बताउने<br>● स्थानीय सरकार र प्रदेश सरकारका साझा अधिकारका बारेमा निबन्ध लेख्न लगाउने | दिनुहोस्। | जानकारी दिने। | |
| ८ | ● गाउँसभाको गठन प्रक्रिया बारेमा बताउन<br>● गाउँसभाको काम कर्तव्य र अधिकारबारे जानकारी लिन<br>● गाउँपालिकाको संरचना र शाखाबाट उपलब्ध सेवाबारे बताउन | ● गाउँसभाको काम कर्तव्य र अधिकार<br>● गाउँपालिका अध्यक्ष र उपाध्यक्ष<br>● सुशासन र सार्वजनिक सुनुवाइ<br>● स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका साझा अधिकार | ● गाउँसभाको गठन, काम, कर्तव्य र अधिकार<br>● गाउँपालिका अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकार<br>● गाउँपालिकाको सुशासन र सार्वजनिक सुनुवाइ<br>● स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका साझा अधिकारअन्तर्गत पर्ने मुख्य मुख्य अधिकार | ● गाउँसभाको गठनबार बताउने<br>● गाउँसभाको गठनको प्रक्रिया र सभा बस्नेबारे बताउने<br>● गाउँसभाको काम, कर्तव्य र अधिकारबारे छलफल गराउने<br>● गाउँपालिका अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकारबारे छलफल गराउने<br>● गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाइका बारेमा छलफल गर्ने र विद्यार्थीलाई सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी गराउने<br>● स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका साझा अधिकारका बारेमा कक्षामा समूहगत छलफल गर्ने | ● गाउँसभाको गठन प्रक्रियाबारे छलफल गर्नुहोस्।<br>● कक्षामा गाउँसभाको बैठकको अभ्यास गर्नुहोस्।<br>● सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी भई त्यहाँ भएका विषयलाई समेटेर एउटा प्रतिवेदन लेख्नुहोस्। | आठ कक्षाका सबै विद्यार्थीलाई जम्मा गराएर सार्वजनिक सुनुवाइ जस्तै कक्षा सुनुवाइ गराएर पालैपालो बोल्ने र कक्षाका समस्या र व्यक्त गर्न लगाउने। | १५ |

## विषयक्षेत्र : २ : जीवनोपयोगी सिप तथा जीवनशैली

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ६ | • ज्येष्ठ नागरिकप्रति सम्मानको व्यवहार गर्न<br>• आफ्नो दैनिक क्रियाकलाप बताउन<br>• असल स्वभावका बारेमा बताउन | • ज्येष्ठ नागरिकको सम्मान<br>• हाम्रा दिनचर्या र असल स्वभाव | • ज्येष्ठ नागरिकको योगदान, उनीहरूप्रति गरिने सम्मान<br>• असल स्वभावका लागि दैनिक क्रियाकलाप<br>• नाता सम्बन्ध र सत्कार<br>• हाम्रा दिनचर्याअन्तर्गत व्यक्तिले बिहानदेखि रातीसम्म अनुशासित तरिकाबाट अँगाल्नुपर्ने बानी र आचरण | • ज्येष्ठ नागरिकले परिवार र समाजका लागि गरेका योगदानको चर्चा गरी उनीहरूप्रति सम्मानको भाव प्रकट गर्नुपर्ने विचार बताउँदै विभिन्न दृष्टान्त र कथाबाट स्पष्ट पार्ने<br>• विद्यार्थीलाई असल स्वभावका बारेमा बताउने<br>• नाता सम्बन्ध (हजुरबुबा, हजुरआमा, आमाबुबा, फुपूपुसाजु, दिदीभिनाजु आदि) र उहाँहरुप्रति गरिने आदर र सत्कार<br>• हाम्रा दिनचर्याअन्तर्गत व्यक्तिले बिहानदेखि रातिसम्म अनुशासित तरिकाबाट अँगाल्नुपर्ने बानी र आचरणका बारेमा छलफल गराउने<br>• असल आचरण र बानीको परिचय र सफल जीवनका लागि असल आचरण र बानीको भूमिका | • ज्येष्ठ नागरिकले परिवारप्रति गरेको योगदान उल्लेख गर्नुहोस्।<br>• आफ्नो दिनचर्याको वर्णन गर्नुहोस्।<br>• अनुशासित तरिकाबाट अँगाल्नुपर्ने बानी र आचरणका बारेमा छलफल गर्नुहोस्। | कक्षाका सबै विद्यार्थीलाई कक्षामा नै ज्येष्ठ नागरिकसँग सम्बन्धित छोटो नाटक अभिनय गराउने,<br><br>विद्यार्थीलाई आफ्नो दैनिक कार्ययोजना बनाएर ल्याउन लगाउने। | १० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ७ | • लागुपदार्थ दुर्व्यसनीका कारण, प्रभाव र रोकथामबारे जानकारी लिन<br>• सकारात्मक सोच र चिन्तनको विकास | • लागुपदार्थ दुर्व्यसन<br>• सकारात्मक चिन्तन | • लागुपदार्थ दुर्व्यसनीका कारण, प्रभाव र रोकथाम<br>• चरित्रका सबल र कमजोर पक्ष, चाहना तथा मन नपर्ने कुराको ज्ञान<br>• सकारात्मक सोच र चिन्तनको विकास | • लागुपदार्थ दुर्व्यसनीका कारण र त्यसले पार्ने मानसिक र सामाजिक प्रभावबारे छलफल गराउने<br>• लागुपदार्थको सेवन आपराधिक कार्य भएको स्पष्ट पार्ने र रोकथामका लागि गर्नुपर्ने कामका बारेमा बताइदिने<br>• चरित्रका सबल र कमजोर पक्ष, चाहना तथा मन नपर्ने कराको ज्ञान बोध गराउने<br>• सकारात्मक सोच भनेको के हो ? भनी बताउने<br>• नकारात्मक सोचको अन्त्य गर्न प्रेरित गर्ने खालका सन्दर्भ प्रस्तुत गर्ने | • लागुपदार्थ दुर्व्यसनीले पार्ने सामाजिक प्रभाव उल्लेख गर्नुहोस्।<br>• सकारात्मक सोच भनेको के हो ? | लागु पदार्थ दुर्व्यसनका कारण पर्ने असरका बारेमा निबन्ध लेख्न लगाउने।<br>कक्षाका सबै विद्यार्थीलाई एकदिन एक राम्रो काम भन्ने अभियानमा सहभाागी गराएर प्रत्येक दिन गरेका राम्रा काम कापीमा टिप्न लगाई कक्षामा सुनाउने र यस्तो क्रियाकलापलाई अनिवार्य बनाउने | १० |
| ८ | • असल स्पर्श र खराब स्पर्शबारे बुझ्न<br>• सहयोग र सम्मानका बारेमा जानकारी लिन | • असल स्पर्श र खराब स्पर्श<br>• सहयोग र सम्मान | • असल स्पर्श र खराब स्पर्शसम्बन्धी जानकारी<br>• सहयोग र सम्मानको परिचय र आवश्यकता | • असल स्पर्श र खराब स्पर्शका बारेमा छलफल गरी त्यस्ता गतिविधिका जोगिन अपनाउनुपर्ने सावधानीका बारेमा बताइदिने<br>• सहयोग र सम्मानको परिचय बताइदिने<br>• सहयोग र सम्मान किन आवश्यक छ भन्नेबारे छलफल गर्ने | • खराब स्पर्शबाट बच्न गर्न के गर्नुपर्ला ?<br>• मनोसामाजिक परामर्शबाट व्यक्तिको जीवनमा पार्ने प्रभावबारे लेख्नुहोस्। | असल स्पर्श र खराब स्पर्शका बारेमा शिक्षकले नै अभिनय गरेर देखाउने,<br>कक्षाका सबै विद्यार्थीलाई सहयोग र सम्मानसम्बन्धी नाटक गर्न लगाउने | १० |

## विषयक्षेत्र ३ : स्वास्थ्य, सरसफाइ र वातावरण

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ६ | • पौष्टिक खाना तथा पत्रु खानाको फाइदा र असरबारे जानकारी लिन<br>• गाउँपालिका क्षेत्रमा रहेका जलस्रोतको संरक्षण गर्ने उपायहरू बताउन | • पौष्टिक खाना तथा पत्रु खानाको फाइदा र असर<br>• गाउँपालिका क्षेत्रमा जलस्रोतको संरक्षण गर्ने उपायहरू (परम्परागत पोखरी, कुवा तथा धारा) | • पौष्टिक खाना तथा पत्रु खानाको फाइदा र असर<br>• पौष्टिक खानाअन्तर्गत विभिन्न समयमा खाइने खाना (सातु, खिर, क्वाँटी, खिचडी, मासु, सेलरोटी, तरुल आदि)<br>• गाउँपालिका क्षेत्रमा जलस्रोतको संरक्षण गर्ने उपायहरू (परम्परागत पोखरी, चोडा (सानो कुवा), कुवा तथा धारा) आदिको सदुपयोग, संरक्षण र उपयोगिता | • पौष्टिक खानाबाट स्वास्थ्यलाई पुग्ने फाइदा र पत्रु खानाले स्वास्थ्यमा पार्ने असरबारे बताएर पत्रु खाना नखान प्रेरित गर्ने<br>• पौष्टिक खानाअन्तर्गत विभिन्न समयमा खाइने खाना (सातु, खिर, क्वाँटी, खिचडी, मासु, सेलरोटी, तरुल आदि) खाने समय र महत्व<br>• गाउँपालिका क्षेत्रमा रहेका जलस्रोतको बारेमा बताएर संरक्षण गर्ने उपायबारे छलफल गराउने र सहभागिताका लागि प्रेरित गर्ने | • पौष्टिक खानाबाट स्वास्थ्यलाई पुग्ने फाइदा र पत्रु खानाले स्वास्थ्यमा पार्ने असर लेख्नुहोस्।<br>• स्थानीय जलस्रोतको परिचय लेख्नुहोस्। | पौष्टिक खाना र पत्रु खानाको सूची बनाउने र विद्यालय क्षेत्रमा पत्रु खानालाई पूर्णतः निषेध गर्ने,<br>स्थानीय जलस्रोतको सरसफाइ र संरक्षणमा व्दिार्थीलाई सहभागी गराउने। | १२ |
| ७ | • वातावरण प्रदूषण र न्यूनीकरणका उपायबारे जानकारी लिन<br>• महामारी र रोकथामका उपाय पहिचान गर्न<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्त्व बताउन | • स्थानीय वातावरण प्रदूषण र न्यूनीकरणका उपाय<br>• महामारी, नसर्ने रोग र रोकथामका उपाय<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व | • वातावरण प्रदूषण र न्यूनीकरणका उपाय<br>• महामारी, नसर्ने रोग र रोकथामका उपाय पहिचान<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्त्व | • वातावरण प्रदूषणका बारेमा बताएर प्रदूषण न्यूनीकरणका तरिका र उपायबारे छलफल गराउने<br>• विद्यालय कम्पाउन्ड, क्यान्टिन वा विद्यालय वरपरको अवलोकन भ्रमण गराइ त्यहाँ केकस्ता फोहोर देखिएका छन् ? टिपोट गर्न लगाउने र वातावरण स्वच्छ राख्न अपनाउनुपर्ने उपाय बताइदिने<br>• तराई क्षेत्रमा हुन सक्ने महामारी र नसर्ने रोगका बारेमा बताएर तिनको रोकथामका लागि अपनाउन सकिने उपायबारे छलफल गराउने | • कक्षाकोठाको फोहोर वर्गीकरण र व्यवस्थापनका उपायबारे लेखी प्रस्तुत गर्नुहोस्।<br>• वातावरण प्रदूषणका कारण र न्यूनीकरणका उपाय लेख्नुहोस्।<br>• महामारीबाट बच्न अवलम्बन गर्नुपर्ने उपाय लेख्नुहोस्।<br>• हरित घर तथा विद्यालयको आवश्यकता र महत्त्व बताउनुहोस्। | विद्यालय परिसरमा सरसफाइ गराउने,<br>मौसम मिलाएर वृक्षरोपण गराउने,<br>विद्यालयमा बगैँचा निर्माणलाई अनिवार्य गर्ने,<br>विद्यार्थीलाई विद्यालयमा बिरुवा रोप्न लगाउने अनि बिरुवालाई सम्बन्धित विद्याथीको नाम दिएर म मेरो बिरुवा आफैँ बचाउँछु | १२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | | | | • हरित घर तथा विद्यालयको अवधारणाको पुनरावलोकन गराउने, यस सम्बन्धी अनुभव आदान प्रदान गर्न लगाउने | | भन्ने अभियान चलाउने, | |
| ८ | • सरसफाइमा समुदायको भूमिका बताउन<br>• हरित विद्यालयको अवधारणा र सिकाइबारे बुझ्न<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाइदा पहिचान गर्न | • सरसफाइमा समुदायको भूमिका<br>• हरित विद्यालयको अवधारणा र सिकाइ<br>• जडीबुटी खेती र आर्थिक फाइदा (स्थानीय क्षेत्रमा पाइने जडीबुटीजन्य वनस्पतिहरू र स्थानीय वनस्पतिहरूको नर्सरी, वृक्षरोपण) | • सरसफाइमा समुदायको भूमिका र योगदान<br>• हरित विद्यालयको अवधारणा र सिकाइ<br>• जडीबुटी खेती र आर्थिक फाइदा | • सरसफाइमा समुदायले खेल्ने भूमिकाबारे स्पष्ट पार्ने<br>• हरित विद्यालयको अवधारणा र सिकाइबारे छलफल गराउने<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने र जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीलाई सहभागी गराउने<br>• उत्पादित जडीबुटीको बजारीकरण गर्ने, आर्थिक उपार्जन गर्ने कुराको जानकारी गराउने र बजारीकरण गर्न सहयोग गर्ने | • गाउँपालिकाले फोहोर व्यवस्थापनमा अँगालेको नीतिबारे छलफल गर्नुहोस्।<br>• हरित विद्यालयको अवधारणा र यसले सिकाइमा पार्ने प्रभाव लेख्नुहोस्।<br>• जडीबुटी खेतीबाट हुने फाइदा बताउनुहोस्। | विद्यार्थीको नेतृत्वमा सरसफाइ अभियान सञ्चालन गर्ने,<br>प्रत्येक वर्ष एक विद्यार्थी एक जडीबुटी भन्ने अभियानलाई अगाडि बढाएर विद्यार्थीले लगाएको जडीबुटीका आधारमा प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।<br>विद्यार्थीलाई धेरै मिहिनेत गर्न नपर्ने जडीबुटी खेतीका लागि आवश्यक वातावरण मिलाउने र खेती गर्न लगाउने। | १२ |

## विषयक्षेत्र : ४ : स्थानीय जातजाति र भाषा, धर्म, संस्कृति र संस्कार

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ६ | ● स्थानीय बाजाको संरक्षण र बजाउने तरिकाबारे जानकारी लिन<br>● सनातन परम्पराका संस्कारको परिचय दिन | ● परम्परागत वाद्यवादनका साधन<br>● सनातन परम्पराका संस्कार | ● परम्परागत वाद्यवादनका साधनको परिचय र बजाउने तरिका (खैँजेडी, मुजुरा, बाँसुरी, शंख, घण्ट, नगरा, डफला आदि)<br>● सनातन परम्पराका संस्कार (कुनै चारओटा संस्कार) | ● विद्यार्थीलाई विभिन्न समुदायका सांस्कृतिक पर्व तथा उत्सवमा गाइने गीत, नृत्य र बाजाका बारेमा छलफल गराउने<br>● परम्परागत वाद्यवादनका साधनको परिचय र बजाउने तरिकाका बारेमा अभ्यास गराउने<br>● सनातन परम्पराका सोह्र संस्कारअन्तर्गत कुनै चारओटा संस्कार मान्ने तरिकाबारे बताइदिने | ● लोकबाजाका बारेमा लेख्नुहोस्।<br>● सनातन परम्पराका सोह्र संस्कार कुन कुन हुन् ? | विद्यालयमा बाजाको व्यवस्था गरी इच्छुक विद्यार्थीलाई बजाउने कला सिकाउने,<br>आफ्नो घरपरिवारले मान्दैआएको सनातन संस्कारका बारेमा कक्षामा व्याख्या गर्न लगाउने। | १५ |
| ७ | ● हाम्रा लोक झाँकीका बारेमा बताउन<br>● सनातन परम्पराका संस्कारबारे जानकारी लिन | ● स्थानीय नृत्य र गीत<br>● सनातन परम्पराका संस्कार | ● हाम्रा नृत्य र गीत (गारी गीत, बिहेको स्वागत गीत, विवाह गीत, धोबिया नाच, धान रोपाइ गीत)<br>● सनातन परम्पराका संस्कारका मुख्य मुख्य विशेषता<br>● गाउँपालिकाका विशेष मेला जात्रा (धनुष यज्ञ मेला ( रामलीला), कार्तिक पूर्णिमा मेला, मोहर्रम मेला, शिवरात्रि मेला) | ● स्थानीय जातिका गीत र नृत्य गारी गीत, बिहेको स्वागत गीत, विवाह गीत, धोबिया नाच, धान रोपाइ गीतका बारेमा जानकारी दिने<br>● स्थानीय स्तरमा विशेष अवसरमा हुने गीत तथा नृत्यका बारेमा छलफल गराउने<br>● गाउँपालिकाका विशेष स्थान (विभिन्न समयमा मेला, पर्व लाग्ने) र लोप भएका चालचलनका बारेमा छलफल गर्ने<br>● सनातन परम्पराका संस्कारका मुख्य मुख्य विशेषता बताउन | ● हाम्रो समाजमा केकस्ता लोक झाँकी प्रचलित रहेका छन् ?<br>● आफनो समुदायमा मनाउने संस्कारका बारेमा लेख्नुहोस्। | हाम्रो समाजमा प्रचलनमा रहेका लोक झाँकी कुनै विशेष अवसरमा देखाइने भएकाले त्यति वेला नै विद्यार्थीलाई झाँकी देखाउन लगाउने र आवश्यक सहयोग विद्यालयले गर्ने। | १५ |
| ८ | ● गाउँपालिकाका जाति, भाषा र धर्मबारे जानकारी प्राप्त गर्न | ● हाम्रा जाति, भाषा र धर्म<br>● हाम्रा संस्कार | ● जाति, भाषा र धर्मको विवरण र जनसङ्ख्या<br>● विभिन्न जातजातिका मौलिक | ● जाति, भाषा र धर्मको विवरण र जनसङ्ख्या बारेमा छलफल गराउने<br>● सनातन परम्पराका संस्कार र विभिन्न | ● गाउँपालिकाको जाति, भाषा र धर्मको विवरणलाई | यशोधरा गाउँपालिकाको तथ्याङ्कका आधारमा जाति,धर्म र भाषाको सूचना | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | • विभिन्न जातजातिका संस्कारबारे जानकारी लिन | • हाम्रा पर्व | संस्कार र परम्परागत मठमन्दिरमा गरिने पूजा विधि छट्टी मैया पूजन, सकठ, संक्रान्ति, दुर्गापूजा (दसैँ)<br>• छठ, इद, कृष्ण जन्माष्टमी, होली, हरेरी | जातजातिका संस्कारका बारेमा कक्षामा छलफल गराउने<br>• छठ, इद, कृष्ण जन्माष्टमी, होली, हरेरी आदिका बारेमा बताउने | तालिकामा प्रस्तुत गर्नुहोस्।<br>• फरक फरक समुदायले विभिन्न किसिमबाट मनाउने कुनै एउटा संस्कारका बारेमा छलफल गर्नुहोस्। | विद्यार्थीलाई दिने र कुनै एकदिन यसैका आधारमा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने। | |

## क्षेत्र : ५ : हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थल

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ६ | • स्थानीय पर्यटकीय तथा धार्मिक सम्पदा पहिचान र संरक्षणबारे जानकारी लिन<br>• स्थानीय पर्यटकीय स्थलको नक्साङ्कन गर्न | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल मन्दिर, मस्जिद, वनभोज स्थल,<br>• कुदान (लोरिक कुदान), ऐतिहासिक स्थल सिसहनीयाकोट | • स्थानीय पर्यटकीय स्थलको खोजी, तिनको परिचय र पर्यटकीय विकासमा तिनको भूमिकाबारे छलफल गराउने | • तपाईँको वडामा भएको स्थानीय धार्मिक सम्पदाको संरक्षणमा सहभागी हुनुहोस्।<br>• तपाईँको वडामा रहेका स्थानीय पर्यटकीय स्थल कुन कुन हुन् ? | धार्मिक तथा पर्यटकीय स्थलको स्थलगत भ्रमण आयोजना गर्ने, सबै पर्यटकीय स्थलका बारेमा एक एक अनुच्छेद लेख्न लगाउने र मौखिकरूपमा पनि भन्न लगाउने। | १५ |
| ७ | • धार्मिक स्थलको परिचय र महत्त्व बताउन<br>• सांस्कृतिक तथा पर्यटकीय स्थलका बारेमा जानकारी लिन | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय धार्मिक तथा पर्यटकीय स्थल (कपिलवस्तु जिल्लामा रहेका बुद्धसँग सम्बन्धित स्थल) | • विभिन्न मठमन्दिरको महत्त्व बताउने र पर्यटनको विकासको सम्भावनाबारे छलफल गर्ने<br>• गाउँपालिकाभित्र रहेका सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्त्वबारे छलफल गराउने | • धार्मिक स्थलको पर्यटन विकासमा भूमिका बारेमा लेख्नुहोस्।<br>• तपाईँको वडामा रहेका सांस्कृतिक तथा पर्यटकीय स्थलको | धार्मिक तथा पर्यटकीय स्थलको स्थलगत भ्रमण आयोजना गर्ने, सबै पर्यटकीय स्थलका बारेमा एक एक अनुच्छेद लेख्न लगाउने | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| | • | | | | विकासका लागि के गर्न सकिन्छ ? | र मौखिकरूपमा पनि भन्न लगाउने। | |
| ८ | • धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासमा गाउँपालिकाको भूमिका बताउन<br>• पर्यटनको विकासमा स्थानीय संस्कृतिको योगदान | • गाउँपालिकाको पर्यटनको विकासमा वरपर रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको भूमिका<br>• लुम्बिनी र बुद्ध स्थल | • गाउँपालिकाको पर्यटनको विकासमा वरपर रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको भूमिका<br>• लुम्बिनी र बुद्ध स्थल | • गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासमा गाउँपालिका नीति तथा कार्यक्रमका बारेमा बताउने।<br>• पर्यटनको विकासमा लुम्बिनी र बुद्ध स्थलको महत्त्व बताउने। | • पर्यटनको विकासमा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल भूमिका विषयमा निबन्ध लेख्नुहोस्।<br>• पर्यटनको विकासमा स्थानीय संस्कृति विषयक वक्तृत्वकलाको आयोजना गर्नुहोस्। | गाउँपालिकाले वृत्तचित्र निर्माण गरेर पर्यटकीय स्थलको महत्त्वका बारेमा जानकारी दिने,<br>विद्यार्थीलाई स्थलगत भ्रमण गराउने,<br>पर्यटकीय स्थलका बारेमा न्यूनतम एक अनुच्छेद बोल्न र लेख्न सिकाउने। | १५ |

## विषयक्षेत्र : ६ : स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | प्रयोगात्मक कार्य | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| ६ | ● पेसा तथा व्यवसायको परिचय दिन<br>● व्यवसाय दर्ताको प्रक्रिया र सञ्चालनबारे जानकारी लिन | ● स्थानीय पेसा तथा व्यवसाय<br>● व्यवसाय दर्ता र सञ्चालन | ● स्थानीय पेसा तथा व्यवसाय (फलामका भाँडा, काठका सामान निर्माण, कृषि औजारको निर्माण आदि।)<br>● व्यवसाय दर्ताको प्रक्रिया र सञ्चालन | ● पेसा तथा व्यवसायको परिचय दिई विद्यार्थीलाई आआफ्ना वडामा प्रचलित पेसा व्यवसायबारे सोध्ने<br>● स्थानीय पेसा व्यवसायअन्तर्गत तामाका भाँडा, काठका सामान निर्माण, कृषि औजारको निर्माण आदिका बारेमा बताइदिने<br>● व्यवसाय दर्ताको लागि गाउँपालिकामा अपनाउनुपर्ने प्रक्रियाका बारेमा जानकारी दिने | ● पेसा व्यवसायको परिचय दिनुहोस्।<br>● जीवन निर्वाहका लागि कस्तो व्यावसाय गर्न के गर्नुपर्ला ?<br>● व्यवसाय दर्ताका लागि लेखिने निवेदनको नमुना बनाउनुहोस्। | पाठमा उल्लेख गरिएका सामान निर्माणको अभ्यास गराउने,<br><br>विद्यार्थीलाई कुनै एक कृषि औजार निर्माण गरेर ल्याउन लगाउने। | १२ |
| ७ | ● स्थानीय प्रचलित पेसा व्यवसायको जानकारी लिन<br>● जागिर र वृत्तिबिचको फरक<br>वृत्तिका विशेषताहरू र वृत्तिको छनोट गर्ने सिप हासिल गर्न | ● पुष्प व्यवसाय र फाइदा<br>● वृत्तिको परिचय | ● गाउँपालिकाको पुष्पव्यवसाय र फाइदा<br>● जागिर र वृत्तिबिचको फरक<br>● वृत्तिका विशेषता र वृत्तिको छनोट | ● गाउँपालिकामा रहेका पुष्पव्यवसायसँग सम्बन्धित स्थलको अवलोकन भ्रमण गराउने<br>● पुष्प व्यवसायबाट हुने फाइदाबारे बताइदिने<br>● जागिर र वृत्तिको भिन्नता बताउने र वृत्तिका विशेषता तथा चरण बताउने<br>● सही वृत्ति किन र कसरी छनोट गर्ने भन्नेबारे छलफल गराउने | ● स्थानीय स्तरमा प्रचलित पेसा व्यवसायका बारेमा निबन्ध लेख्नुहोस्।<br>● वृत्ति र जागिरको परिचय दिई भिन्नता लेख्नुहोस्। | विद्यार्थीलाई आफ्नो घरको फूलबारीमा मौसमी फूल रोप्न लगाउने र मौका मिलाएर अवलोकन गर्ने,<br><br>विद्यार्थीले लगाएका मौसमी फूलको बजार व्यवस्थापनका लागि गाउँपालिकाले पहल गर्ने | १२ |
| ८ | ● स्थानीय व्यवसायमूलक कार्य र आर्थिक उपार्जनबारे जानकारी लिन<br>● व्यक्तिको क्षमता र वृत्तिका क्षेत्र र छनौट अवधारणा | ● व्यवसायमूलक कार्य र आर्थिक उपार्जन<br>● व्यक्तिको क्षमता र वृत्तिको क्षेत्र र छनौट अवधारणा (शैक्षिक परामर्श) | ● स्थानीय व्यवसायमूलक कार्य (पेसा, कृषि, पशुपक्षीपालन, व्यापार आदि) र आर्थिक उपार्जन<br>● व्यक्तिको क्षमता र वृत्तिका क्षेत्र र छनोट अवधारणा<br>● वृत्ति छान्दा कसरी महत्त्वपूर्ण | ● स्थानीय व्यवसायमूलक कार्य कृषि, पशुपक्षीपालन, व्यापार आदिबाट आर्थिक उपार्जन गर्न सकिने उपायबारे छलफल गराउने<br>● व्यक्तिको क्षमता (रुचि, खुबी, क्षमता) र वृत्तिका क्षेत्र, छनोट र | ● स्थानीय व्यवसायमूलक कार्यले आर्थिक उपार्जनमा खेल्ने भूमिका लेख्नुहोस्।<br>● विद्यार्थीको समूह निर्माण गरी विभिन्न स्थान र क्षेत्र (उद्योग, कलकारखाना) को भ्रमण गराई त्यहाँ के कस्ता वृत्ति | विद्यार्थीलाई पढ्दैसिक्दै अवधारणाअन्तर्गत कुखुराको पोथी, माउ बाख्रो अनि कुनै तरकारी वा फलफूलको बिरुवा दिएर त्यसबाट नियमित उत्पादन गर्ने वातावरण | १२ |

प्रदर्शन, सहभागिता, परियोजना कार्य, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप र विधि प्रयोगमा ल्याउन सकिन्छ। यसरी बढीभन्दा बढी प्रयोग, अवलोकन र अभ्यासको वातावरण तयार गर्ने एवम् खोज र अन्वेषण जस्ता गरेर सिक्ने विधिलाई सिकाइ सहजीकरण कार्य गर्दा जोड दिनुपर्छ।

## ३.३ कक्षा १ देखि ३ सम्मका लागि सिकाइ सहजीकरण विधि र प्रक्रिया

कक्षा १–३ पाठ्यक्रमले विद्यार्थीबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीले गर्ने सम्पूर्ण क्रियाकलापहरू सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन्। एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ। दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ। यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाई उनीहरूको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिको प्रयोगमा जोड दिनुपर्ने हुन्छ। यसअनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरूलाई शैक्षणिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ। समयको मागबमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ। कक्षा १–३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरूलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरू र अन्य विषयहरू ( नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तु सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरूको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरूलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नुपर्ने छ। सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तु विद्यार्थीको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिकभन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ। स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रीतिरिवाज, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरूको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ। सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरूले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रूपान्तरण गर्न सहयोग गर्नुपर्छ।

### सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तरिका

कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यसअन्तर्गत बहुविषयक (विषय अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ।

पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँगसमेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ।

- कक्षा १–३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफैँ सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरूमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारूलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनुपर्ने छ।
- सिकारुहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान गरी सहपाठीको सहयोग र सहकार्यमा सिक्न तरिकाहरू अवलम्बन गर्नुपर्ने छ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्त्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनुपर्ने छ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युगसापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोसिस गर्नुपर्ने छ।

## ३.४ कक्षा ४–८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ। यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ। सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ। एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ। त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ । आधारभूत शिक्षाअन्तर्गत कक्षा ६–८ को यो पाठ्यक्रमा

समावेश गरिएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तु स्थानीय ज्ञान, सिपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुस्थानीय विषय स्थानीय परिवेश, सर्न्दभ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढी नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइमार्फत बालबालिकाहरूमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ।

## सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तरिका

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरू सहजीकरण गर्न निम्न विधि प्रयोग गर्न सकिने छ।

- प्रयोगात्मक विधि : गरेर सिक्ने क्रियाकलापहरू यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरूवा तथा जनावरको हेरचाह, वृक्षरोपण, पशुपालन, पक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि ।
- अवलोकन र परियोजना विधि : गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रियहरूको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् ।
- क्षेत्र भ्रमण विधि : कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, आदि ।
- छलफल विधि : कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्त्व, संरक्षण गर्ने उपायहरू, धार्मिक सम्पदाको संरक्षणका उपायहरू, बालबगैँचाको महत्त्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू आदि । समस्या समाधान विधि : कुनै समस्या दिई समाधानको लागि उपायहरू पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्पखेती गर्ने, बाँसको चोयाबाट डालो बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि ।
- प्रश्नोत्तर : जुनसुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षाकार्य वा समूहकार्य गराउँदा, विषयवस्तुको प्रस्तुति अघि, प्रस्तुतीकरणको समय र प्रस्तुति, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ।
- घटना अध्ययन : वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाई प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ। बाढी, आगलागी, चट्याङ, तरकारी खेती, कुखुरापालन आदि ।

- प्रदर्शन विधि : कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन्, जस्तै : गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शनसमेत पर्दछ। जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो  आदि।
- सोधखोज विधि : विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ ।
- कथाकथन विधि : विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ। जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ।

माथि उल्लेख गरिएका विधिहरूका अतिरिक्त विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ । विधिहरूको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरूको प्रयोग गर्न सकिन्छ। जस्तै :  मस्तिष्क मन्थन,  जिग्सअ, सोच–जोडीमा छलफल–आदान प्रदान, जोडीमा पढाइ र जोडीमा सारांश, सङ्क्षिप्त लेखन, मान्यता, घुलमिल/स्थिर/जोडी आदि।

## ३.५ मूल्याङ्कन प्रक्रिया

स्थानीय पाठ्यक्रमअन्तर्गतको स्थानीय विषय पनि केन्द्रीय पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको मूल्याङ्कन पनि केन्द्रीय पाठ्यक्रमले निर्देश गरेअनुसार गर्नुपर्छ । मूल्याङ्कन गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनकै क्रममा बालबालिकाले गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका बनाई अभिलेख राख्नुपर्छ । लिखित परीक्षालाई भन्दा निरन्तर मूल्याङ्कनलाई महत्त्व दिएर मूल्याङ्कन गर्नुपर्छ। विद्यार्थीको सिकाइ सहभागिता, व्यवहार परिवर्तन, साथी सहपाठी मूल्याङ्कन, प्रतिवेदन तयारी र प्रस्तुति, अभिभावक प्रतिक्रिया, कार्यसञ्चयिकामार्फत मूल्याङ्कन गरी निरन्तर पृष्ठपोषणसमेत प्रदान गर्नुपर्छ। यस क्रममा मूल्याङ्कनका विधि तथा साधनमा विविधता ल्याउन सकिने छ। तर मूल्याङ्कन जहिले पनि सिकाइलाई सबलीकरण गर्नका लागि हुनुपर्ने कुरामा शिक्षक सचेत र जिम्मेवार हुनु पर्छ।

### (क) कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे/नगरेका नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित

लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ। यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । कक्षा १—३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ। पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरणपश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ।

## (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात्, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ।

## (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता

सिकाइ कमीकमजोरी रहेका छन्र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ। सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ। यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ।

## (इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ। उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ। यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ। निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ। यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात्सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहार कुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ। विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ। शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ। मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ।

स्थानीय विषयको थिमगत उपलब्धि विवरण मूल्याङ्कन अभिलेखीकरण फाराम विद्यार्थी मूल्याङ्कन मापनका आधार वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरूको लेखाजोखा गरी प्राप्त उपलब्धिको अङ्कन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ। प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अङ्क प्रदान गर्ने प्रावधान रहेको छ। यसको लागि

विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्रमा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपलब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुपर्छ। फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ। अभिलेख फारममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिकामा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । विषयक्षेत्रगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षाकार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ। तपसिलका फाराममा केही सम्भाव्य साधन मात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ। विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायतापश्चात् । थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अङ्क चढाउनुपर्छ। नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायतापश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अङ्क प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अङ्क प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलाप गर्न सकिन्छ।

**कक्षा : १–३**

**औसत अङ्क विशिष्टीकरण तालिका**

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

**निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुना**

कक्षा :........... विषय :......................... विद्यार्थीको नाम :..........................................रोल नं. :.........

| **विषय क्षेत्र/पाठ** | **अपेक्षित सिकाइ उपलब्धि/सक्षमता** | **मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक** | **नियमित पढाइपछिको मूल्याङ्कन** | **मिति** | **थप सहायतापछिको मूल्याङ्कन** | **मिति** | **समग्र सिकाइ उपलब्धि स्तर** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **सिकाइ उपलब्धि स्तर** | | **सिकाइ उपलब्धि स्तर** | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :** स्तर निर्धारण गर्नका लागि पाठको निर्धारित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरूको प्रयोग गर्नुपर्दछ।

विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निकाल्नुपर्छ। आधारभूत तहको कक्षा १–३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक विषयको क्षेत्रगत उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइपश्चात् र थप सहायतापश्चात् गरी दुई पटक निकाल्नुपर्छ र उक्त थिमगत रूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छ :

**विषय क्षेत्रगत** उपलब्धि प्रतिशत सूत्र

थिमअन्तर्गत सबै सिकाइ उपलब्धिमा विद्यार्थीले प्राप्त गरेको स्तरको अङ्कको जोड X १०० थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या X ४

सबै विषयको विषयगत उपलब्धि प्रतिशत र ग्रेड निकालिसकेपछि तलको अभिलेखीकरण तालिकामा उपलब्धि प्रतिशत माथि उल्लिखित प्रतिशतको वर्गान्तरण तालिकाअनुसार राख्नुपर्छ।

विषयगत रूपमा ग्रेड निर्धारण गरेपश्चात तपसीलको सूत्र प्रयोग गरी औसत स्तरीकृत अङ्क (GPA) निकाल्नुपर्छ। यसका लागि सर्वप्रथम तल तालिकामा दिइएअनुसार Weighted Grade Point (WGP) को योगफल निकाल्नु पर्छ।

Sum of weighted Grade Point (WGP) = Credit hour of Nepali × Obtained GP in Nepali + Credit hour of English × Obtained GP in English + Credit hour of Math × Obtained GP in Math + Credit hour of Our Surrounding × Obtained GP in Our Surrounding + Credit hour of Local subject Hamro Yasodhara × Obtained GP in× Hamro Yasodhara.

अब निम्नअनुसार स्तरीकृत औसत अङ्क (GPA) निकालिन्छः

$$GPA = \frac{\text{Sum of WGP}}{\text{Total Credit of the class}}$$

| **उपलब्धि प्रतिशत** | **स्तरीकृत अङ्क** | **अक्षरमा उपलब्धि स्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|---|
| ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |

## (ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षा, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ। विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ। यसका लागि रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन्। यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ

। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ। कक्षा ६ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनका रूपमा समायोजन गरिने छ। विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरिने छ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ।

## (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

### (ख) निर्माणात्मक/प्रयोगात्मक परीक्षा

**कक्षा : ४–८**

औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन)/ आन्तरिक मूल्याङ्कन

| | | |
|---|---|---|
| सहभागिता | उपस्थिति | २ |
| | समूहकार्य | १ |
| | कक्षाकार्य, गृहकार्य | १ |
| परियोजना कार्य | अध्ययन प्रतिवेदन लेखन | १६ |
| | रचनात्मक कार्य | १० |
| | नक्साकार्य, चित्रलेखन | १० |
| त्रैमासिक परीक्षा | प्रथम त्रैमासिक परीक्षा | ५ |
| | दोस्रो त्रैमासिक परीक्षा | ५ |
| जम्मा | | ५० |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ।

## (ख) आवधिक/बाह्य मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरेनगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिने छ। यस पाठ्यक्रममा कक्षा ४–८ को विशिष्टीकरण तालिका विकास गरिएको छ। यसलाई आधार मानेर विद्यालयले अन्तिम परीक्षा (५० पूर्णांकको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ।

**(ग) निर्णयात्मक (आवधिक) परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ।

कक्षा : ४–८ पूर्णाङ्क : ५०          उत्तीर्णाङ्क : अक्षराङ्कनमा मूल्याङ्कन गरिने औसत

प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह<br>(Knowledge Level) | बोध तह<br>(Understanding Level) | उच्च तह<br>(Higher Abilities) |
|---|---|---|
| ४० प्रतिशत | ४० प्रतिशत | २० प्रतिशत |

कक्षा ४ देखि ८ सम्म त्रैमासिक र वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ । त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा निम्नअनुसार कार्य गर्नुपर्छ :

- आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिताबापत ४, प्रयोगात्मक तथा परियोजना कार्यबापत ३६ र त्रैमासिक परीक्षाबाट प्राप्त १० अङ्कभारमा विद्यार्थीले पाएको अङ्कभार लेख्ने
- त्रैमासिक परीक्षाको लागि ५० अङ्कभारमा परीक्षा सञ्चालन गरी १० अङ्कभारमा रूपान्तरण गर्ने
- वर्गान्तर तालिकाअनुसार विद्यार्थीले पाएको जम्मा अङ्कभारलाई ग्रेडमा उल्लेख गर्ने ।

## (घ) कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| हाम्रो यशोधरा | १ | १ | १ | | | | १ | ५ | ५ | २ | ६ |
| जीवनोपयोगी सिप तथा जीवनशैली | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| स्वास्थ्य, सरसफाइ र वातावरण | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| स्थानीय जाति, भाषा, धर्म, संस्कृति र संस्कार | १ | १ | १ | | | | १ | ५ | ५ | २ | ६ |
| हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थल | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| प्रकोप र विपत् व्यवस्थापन | २ | १ | २ | १ | ३ | ३ | | | | ३ | ५ |
| कृषि तथा स्थानीय उत्पादन | १ | १ | १ | १ | ३ | ३ | १ | ५ | ५ | ३ | ९ |
| हाम्रा सेवाप्रदायक स्थानीय सङ्घसंस्था र व्यक्ति | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| योग, ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| **जम्मा** | **११** | | **११** | **८** | | **२४** | **३** | | **१५** | **२२** | **५०** |

**नोट :** प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्न निर्माण गर्नुपर्छ। ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न राख्नुपर्ने छ।

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ..................................................................

ठेगाना :.......................................... विद्यार्थीको नाम :.........................................

जन्म मिति : .........................................................कक्षा/रोल न.. :.....................

विद्यार्थीको घरको ठेगाना : ............................................................................

पारिवारिक विवरण : आमाको नाम : ......................................पेसा : .......................... सम्पर्क नं. : .......................... बाबुको नाम : ................................................................. पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : ..........................

विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : ............................

**स्वास्थ्यसम्बन्धी विवरण**

**मितिः**............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :.............. कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः .............................................................

शिक्षकको नाम र सही : ................................... मिति : ....................

## परिशिष्ट खण्ड

पाठ्यक्रम निर्माणका क्रममा यशोधरा गाउँपालिकाको क्षेत्रगत भ्रमणबाट प्राप्त विभिन्न विषयक्षेत्रसँग जोडिएका सन्दर्भलाई यहाँ परिशिष्टका रूपमा उपयोग गरिएको छ । कक्षा शिक्षणका क्रममा यस्ता सामग्रीलाई सकेसम्म धेरै उपयोग गर्न सकिन्छ । यी सामग्री अन्तक्रिया तथा भेलाका आधारमा प्राप्त भएका हुन् । यहाँ आएका सामग्रीले यशोधराका बारेमा थप सूचना प्रदान गरेका छन् ।

**यशोधरा गाउँपालिकाका मुख्य गीत, मेला र जात्रा :** विरहा, झर्रा, होली गीत, सोहर गीत, बिहेको स्वागत गीत**, करहवा नाच,** अहिरउवा नाच, सवनही गीत, गारी गीत, कार्तिक पूर्णिमा (नहान मेला), धोबिया नाच, विवाह गीत, धान रोपाइ गीत, धनुष यज्ञ मेला (रामलीला), कार्तिक पूर्णिमा मेला, मोहर्रम मेला, शिवरात्रि मेला,

**यशोधरा गाउँपालिकाका स्थानीय संस्कृति र संस्कार :** हिन्दु धर्मका सोह्र संस्कार (गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, विद्यारम्भ, कर्णवेध, यज्ञोपवित, वेदारम्भ, केशान्त, समावर्तन, विवाह, अन्त्येष्टि), सरस्वती वन्दना, दसैँ, दीपावली, छठ, इद, मोहम्मद दिवस, मोहर्रम, नागपञ्चमी (गुडिया), छट्टी मैया पूजन, सकठ, संक्रान्ति, दुर्गापूजा (दसैँ), होली, हरेरी, साइत, बरही, ब्रह्म भोज, सतुवान, हकिका, वैशाख पूर्णिमा, तीज, कृष्ण जन्माष्टमी, करवा चौथ, बरही (बच्चा जन्मेको वेला गरिने कार्यक्रम), मुण्डन,

**यशोधरा गाउँपालिकाका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थल :** मन्दिर, मस्जिद, महसोइमा नदी, ब्रह्म बाबा थान, वासुदेव पूजन –पीपलको बोट), डिउहार बाबा, कोटही माई, समय माई, काली माई, बाणगंगा नदी, वनभोज स्थल, शिव मन्दिर, दुर्गा मन्दिर, भरत घाट, भगवान दास मेमोरियल स्टेडियम,

**यशोधरा गाउँपालिकामा प्रचलित स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि :** शिक्षक, निजामती सेवा, वैदेशिक रोजगारी, स्वरोजगार, स्वास्थ्यकर्मी, आर्मी, सेना, प्रहरी, सिकर्मी, डकर्मी, बढई, दर्जी, कोहार, घरिकार, गोडइत, लोहार, धोबी, कर्मकाण्ड, जाता, ढिकी, ओखल, दिया, गगरी, मौलबी, नाउ, हेँगा, खुर्पी, ढकिया, सिलाइ कटाइ, ढेबरी, डोली, गोजाइत, मेडुवा, बेना (स्थानीय पंखा), मोजरी, चोडा (सानो कुवा), ढिकुल (पानी निकाल्ने) आदि ।

**यशोधरा गाउँपालिकाका प्रकोप र विपद् :** आगलागी, भूकम्प, बाढी, चट्याङ, असिना, हावाहुरी, खडेरी (सुख्खा), शीतलहर, प्रकोप र विपद् व्यवस्थापनका लागि हुन सक्ने क्षतिको न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम, विपद् पूर्वतयारी, करेन्ट, सडक दुर्घटना, महामारी, सर्पदंश, हैजा, चोरी डकैती, डुबान आदि ।

**यशोधरा गाउँपालिकाका कृषि तथा स्थानीय उत्पादन :** धान, मकै, गहुँ, जौ, तोरी (लाही), मुला, सिमी, बोडी, आँप, आलु, कोसेबाली, नगदे बाली, अर्गानिक खेती, बेमौसमी खेती, भैँसीपालन, खुर्सानी, पुष्प व्यवसाय (मखमली र सयपत्री), सखरखण्ड, फर्सी, काक्रा, घिरौँला, करेला, चिचिन्डा, लौका, टमाटर, केराव, चना, अरहर, गन्जी, मटर, तिसी, मसुरी, दुध, मासु, केरा, मेवा, अम्बा, कटहर, सतुवा, पशुपालन, पक्षीपालन, आदि ।

**यशोधरा गाउँपालिकामा रहेका स्थानीय सङ्घसंस्था :** गाउँपालिका कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, हुलाक, बैङ्क, प्रहरी चौकी, आमा समूह, बालक्लब, युवाक्लब, स्काउट, टोल विकास संस्था, सहकारी संस्था, रेडक्रस, दलित सामाजिक विकास केन्द्र, कालिका स्वावलम्बन केन्द्र, तरकारी संकलन केन्द्र, करुणा सेचन आदि ।

**पाठ्यक्रम निर्माणका क्रममा आवश्यक सुझाव दिनुहुने तथा सहजीकरण गर्नुहुने यशोधरा गाउँपालिकाका प्रधानाध्यापक, शिक्षक, स्थानीय सरोकारवाला**

१. तौलेश्वर यादव
२. रमेशकुमार पाण्डेय
३. त्रिपुरारी मिश्र
४. इन्द्रजित पाठक
५. विजय पाठक
६. मकसुद अहमद मुसलमान
७. कैलाश यादव
८. तिलकराम लोहार
९. राघवेन्द्रप्रसाद पाण्डेय
१०. त्रिपति कुर्मी
११. रिनु गुप्ता
१२. शीतलप्रसाद मिश्र
१३. भरतप्रसाद पाण्डेय
१४. अमितकुमार पाण्डेय
१५. जय कुद्ध यादव
१६. रामऔतार यादव
१७. कृष्णकुमार चाई
१८. रामवृक्ष यादव
१९. प्रमोदकुमार यादव
२०. राम उमागिर यादव
२१. राम किशोर रविदास
२२. शिवप्रसाद कुर्मी
२३. दिलिपकुमार चौधरी कुर्मी
२४. अब्दुल करीम मुसलमान
२५. राम किशोर खाविन्द
२६. शैलेन्द्रकुमार चाई
२७. शेषराम यादव
२८. सन्दीप जैसवाल


यशोधरा गाउँपालिकाको स्थानीय पाठ्यक्रमको
निर्माणसम्बन्धी छलफल
हाम्रो यशोधरा
कक्षा १ देखि ८ सम्म
प्रस्तुतीकरण : नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही
मिति : २०८१ फागुन २२ गते
आयोजक
यशोधरा गाउँपालिका
कपिलवस्तु





**सन्दर्भसामग्री**


- *नेपालको संविधान,* काठमाडौँ : नेपाल सरकार कानुन किताब समिति ।
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* काठमाडौँ : नेपाल सरकार कानुन किताब समिति ।
- *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।*
- शिक्षा सरोकारवाला लक्षित समूहहरूसँग गरिएको समूहगत SWOT ANALYSIS टिपोट।
- शुद्धोधन गाउँपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम *हाम्रो शुद्धोधन* २०८०, रूपन्देही ।
- मायादेवी गाउँपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम *हाम्रो मायादेवी हाम्रो गौरव* २०८०, रूपन्देही ।
- सियारी गाउँपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम *हाम्रो सियारी* २०८०, रूपन्देही ।
- कञ्चन गाउँपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम *हाम्रो कञ्चन* (कक्षा १ देखि ५), २०७९, रूपन्देही ।